www.ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

सन्देश

Hetauda Sandesh Daily

वर्ष : २४ ॥ अंक:२६९ ॥ बुधबार ०६ चैत २०८१ ॥ पञ्चमी ॥ ११४५ ॥ चिल्लागा ॥ Wednesday 19 March 2025 ॥ पृष्ठ: 8 ॥ मूल्य : रु. ३/- ॥

क्यान्टिन सञ्चालनका लागि टेन्डरको सूचना

ज्ञानोदय बालबाटिका संगमचोक हेटौडाको लागि मिति २०८२/०१/०१ बाट चमेना गृह (क्यान्टिन) सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक तथा योग्य व्यक्ति, फर्म या संस्थाहरुबाट शिलबन्दी दरभाउ पत्र (टेण्डर) आव्ह्वान गरिएको छ ।

सेवा तथा सर्तहरू :

१) निवेदकले व्यापारिक वैध इजाजत पत्र गर्नु पर्नेछ ।
२) क्यान्टिन सञ्चालनका लागि सरसफाइ र गुणस्तरीय खाद्य पदार्थ उचित र सुपथ मूल्यमा उपलब्ध गराउन प्रतिबद्ध रहनु पर्नेछ ।
३) टेण्डर आवेदन मिति २०८१/१२/१५ सम्म दिईसक्नु पर्नेछ ।
४) अन्य सेवा तथा सर्तहरुको बारेमा विद्यालय व्यवस्थापनसंगको समझदारीअनुसार हुनेछ ।

थप जानकारीको लागि :
फोन नं. ९८६१७२०९५४, ०५७५२१७९० वा
इमेल: gyanodaya790@gmail

कालोबजारी ऐन हटाइएपछिको बदमासी

१५ दिनमा पाँचपटक बढाइयो

सरकार गम्भीर देखिएन ■ आयोजनाहरू ठप्प हुँदा स्थानीय मर्काना ■ निर्माण व्यवसायी मारमा

माधव न्यौपाने

हेटौंडा/निर्माण व्यवसायी संघ मकवानपुरले हालैमात्र डण्डीको मूल्यवृद्धिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। आर्थिक वर्षको अन्त्यमा वा कामको मुख्य समयमा निर्माण सामग्रीमा भएको पुनः मूल्यवृद्धिप्रति प्रेस विज्ञप्ति जारी गर्दै विरोध जनाइएको हो।

संघ महासचिव राजेन्द्रप्रसाद चौलागाईंद्वारा जारी विज्ञप्तिमा चरम आर्थिक मन्दीको अवस्थामा पनि नेपाली जनतालाई राहतका प्याकेजहरु ल्याउनुको साटो उद्योगीलाई कार्टेलिङ गर्न 'सुवर्ण अवसर' प्रदान गरेकोमा संघले विरोध जनाएको हो।

'पटकपटक बिनाकारण अप्रत्याशित मूल्यवृद्धि हुँदासमेत नेपाल सरकार मौन बसेको विषयमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। निर्माण कार्यको म्याद थपमा देखिएको समस्याका विषयमा हालसम्म पनि निर्माण व्यवसायी-हरुको निर्माण सम्पन्न कामको बाँकी रहेको अबौं भुक्तानी हालसम्म पनि नभएको हुँदा निर्माण व्यवसायी पुनः धरासयी हुने स्थितिमा पुगेका छन्,' संघले भनेको छ।

अप्रत्याशितरुपमा भएको सिमेन्ट तथा डण्डीको मूल्यवृद्धि अविलम्ब खारेज गरी आमउपभोक्ता लाई राहत दिलाउन संघले नेपाल सरकारका सरोकारवाला निकाय समक्ष माग गरेको छ। मूल्यवृद्धि तत्काल फिर्ता नलिए सम्पूर्ण निर्माण व्यवसायीले निर्माणाधीन विकास आयोजना/परियोजनाहरु ठप्प पारेर सडकमा उत्रिएर आन्दोलनका कार्यक्रम घोषणा गरी अघि बढ्न बाध्य हुने चेतावनीसमेत संघले विज्ञप्तिमार्फत् दिएको छ।

'विभिन्न देशका युद्धलगायत कारण देखिएको चरम आर्थिक मन्दीजस्ता समस्या भोग्दै आएको अवस्थामा अर्थतन्त्रको सामान्य सिद्धान्तलाई समेत बेवास्ता गर्दै निर्माण सामग्री उत्पादक उद्योगहरु अनावश्यक रुपमा कार्टेलिङ गरी बजारमा सिमेन्ट र छडलगायत सामग्रीमा गरेको मूल्यवृद्धिले निर्माणमा व्यवसायी मारमा पर्ने र घरबार बिहीनसमेत हुनसक्ने भएकाले विकास साझेदार व्यवसायीको ढाड सेक्ने कार्यको हामी विरोधमा उत्रन बाध्य हुनेछौं,' संघ नीतिगत् सचिव सुरज बर्तौलाले भने।

निर्माण सामग्री उत्पादक कम्पनीहरुले बिना कुनै कारण वा अवैज्ञानिकढंगले सिण्डिकेट गर्दै अप्रत्याशित मूल्यवृद्धिको विरोधमा विकासनिर्माणका कामहरु ठप्प बनाइ सडकमा उत्रनुको हामीसँग विकल्प छैन,' संघ वरिष्ठ उपाध्यक्ष सागर कटुवालले भने। हालैमात्र छडलगायत फलामजन्य उत्पादक उद्योगहरुले बिनाकारण प्रतिकेजी २० रुपियाँसम्म मूल्यवृद्धि गर्नु कानुनविपरीत रहेको हाम्रो ठहर छ। यस्ता कार्यले हामी तोकिएको समयमा काम गर्न सक्दैनौं,' संघको विज्ञप्तिमा भनिएको छ।

प्रतिकिलो १ सय ५ :


Contractors' Association Makwanpur
निर्माण व्यवसायी संघ मकवानपुर
Hetauda-2045
Date: 2075/12/12
Ref No.: 2075/क्र.नं.१२
विषयः प्रेस विज्ञप्ति

गरी छडको मूल्य बढेकोमा आफूहर अचम्ममा परेको अध्यक्ष कँडेलले बताए। एकातिर सरकार सिमेन्ट उद्योगहरुलाई मूल्य समायोजन गर्न प्रयासरत् छौं भनेर आन्दोलन रोक्न दबाब दिने अनि पुनः छडको मूल्य-वृद्धिमा मूकदर्शक बनेर बस्ने हो भने हामीलाई सरकारप्रति नै विश्वास रहेन,' संघ महासचिव चौलागाईंले भने।

'हामीले जिम्मा लिएको काम गर्न पिकसमय भनेकै पुसदेखि बैशाखसम्म हो। यस अवधिमा चरम मूल्यवृद्धि भयो भने कसरी सहजरुपमा काम गर्न सक्छौं,' उनको प्रश्न थियो। विकासनिर्माणका काममा स्थानीयको हितका लागि गरेको काममा सरकारले सहजीकरण नगरे हामीले मात्र कहाँ काम गर्न सक्छौं,' संघ द्वितीय उपाध्यक्ष भवनाथ अधिकारीले भने।

अर्थतन्त्रको सामान्य सिद्धान्त लाई समेत बेवास्ता गर्दै निर्माण सामग्री उत्पादक उद्योगहरु अनावश्यक रुपमा कार्टेलिङ गरी बजारमा सिमेन्ट र छडलगायत सामग्रीमा गरेको मूल्यवृद्धिले निर्माणमा व्यवसायी मारमा पर्ने र घरबार बिहीनसमेत हुनसक्ने भएकाले विकास साझेदार व्यवसायीको ढाड सेक्ने कार्यको हामी विरोधमा उत्रन बाध्य हुनेछौं,' संघ नीतिगत् सचिव सुरज बर्तौलाले भने।

निर्माण सामग्री उत्पादक कम्पनीहरुले बिना कुनै कारण वा अवैज्ञानिकढंगले सिण्डिकेट गर्दै अप्रत्याशित मूल्यवृद्धिको विरोधमा विकासनिर्माणका कामहरु ठप्प बनाइ सडकमा उत्रनुको हामीसँग विकल्प छैन,' संघ वरिष्ठ उपाध्यक्ष सागर कटुवालले भने। हालैमात्र छडलगायत फलामजन्य उत्पादक उद्योगहरुले बिनाकारण प्रतिकेजी २० रुपियाँसम्म मूल्यवृद्धि गर्नु कानुनविपरीत रहेको हाम्रो ठहर छ। यस्ता कार्यले हामी तोकिएको समयमा काम गर्न सक्दैनौं,' संघको विज्ञप्तिमा भनिएको छ।

प्रतिकिलो १ सय ५ :

सरकारको मौन समर्थनमा सिमेन्टको कृत्रिम मूल्यवृद्धि गरेर चर्को नाफा कमाइरहेका उद्योगीले डण्डीको मूल्य पनि १५ दिनमै पाँच पटक बढाएका छन्। १८ फागुन अघिसम्म प्रतिकिलो ८७ रुपियाँ उपभोक्ता मूल्य रहेको डण्डीको भाउ त्यसयता पाँचौं पटक सोमबार फेरि बढाउने निर्णय भएअनुसार अबप्रति किलो १ सय ५ रुपियाँ पुगेको हो।

उद्योगीले १८ फागुनमा प्रतिकिलो ८८.१४ रुपियाँ पुऱ्याएको डण्डीको मूल्य निरन्तर बढाउँदै २५ फागुनमा १९.५३, २८ फागुनमा ९६.०५ र ३ चैतमा १ सय रुपियाँ पुऱ्याए। सोमबारै फेरि भ्याटबाहेक दुई रुपियाँ बढाउने निर्णय गरे, जुन उद्योगीले हार्डवेयरलाई बढाएको मूल्य हो। भ्याट र नाफासमेत जोडेर उपभोक्तालाई बेच्ने मूल्य अब प्रतिकिलो १ सय ५ पुग्ने हार्डवेयर व्यवसायीले बताएका छन्।

प्रतिबोरा पाँचसय रुपियाँ रहेको सिमेन्टको भाउ मंसिर पहिलो साताबाट पटकपटक गरेर ८ सय ५० रुपियाँ पुऱ्याउँदा पनि सरकारले हस्तक्षेप नगरेपछि हौसिएका उद्योगीले डण्डीमा पनि मनपरि मूल्यवृद्धि गरिरहेका छन्। सिमेन्टका उद्योगीहरुकै डण्डीमा पनि लगानी रहेकाले कार्टेलिङ गरेर सहज मूल्य बढाएका छन्। निर्माण सामग्री (हार्डवेयर) व्यापारी उद्योगीले मिलेमतो गरेकाले सबै ब्रान्डका डण्डीको भाउ बढेको बताउँछन्।

'अम्बे, जगदम्बा, सर्वोत्तम, लक्ष्मी, श्रीलगायत सबै ब्रान्डका डण्डीको भाउ समान दरमा बढिरहेको छ। यो मिलेमतोमै बढाइएको प्रष्ट छ। मिलेमतो नभएको भए कसैको बढ्ने र कसैको नबढ्ने हुनुपर्ने हो। तर, दुई महिनादेखि नियमितरुपमा सबै प्रकारका डण्डीको भाउ एउटै दरमा बढिरहेको छ,' उनीहरुले भने- डण्डीको भाउ लगातार बढ्न थालेपछि हार्डवेयर व्यापारीले उधारो बिक्री तत्काललाई रोकेका छन्। हार्डवेयरको अधिकांश कारोबार उधारोमै हुने गर्छ।

लामो समयदेखि हार्डवेयर व्यापारमा रहेका एक व्यवसायीले तारन्तार डण्डीको भाउ बढाउनुपर्ने गरी हाल लागतमा खासै फेरबदल नभएको बताए। 'लगातार डण्डीको भाउ बढाउनुपर्ने गरी कुनै पनि शीर्षकको लागत बढेकोजस्तो लाग्दैन। तर, उद्योगीले किन हो भने भाउ बढाइरहेका छन्,' उनले भने। हाल डण्डीमा भाउ बढाएका ९० प्रतिशत् उद्योगीको सिमेन्ट उद्योगमा पनि स्वामित्व छ। त्यसैले, उनीहरुले सिमेन्ट र डण्डीमा मनलाग्दी भाउ बढाएका हुन्।

परियोजनाको लागत बढ्ने

निर्माण व्यवसायी महासंघले भने सिमेन्ट र डण्डीको कृत्रिम मूल्यवृद्धि भएकोप्रति निरन्तर विरोध गर्दै आएको छ। निर्माण सामग्रीको मूल्य अस्वभाविक बढ्दा पहिले नै ठेक्का सम्झौता गरेका परियोजनाको लागत बढ्ने र समयमा काम सक्न गाह्रो हुने महासंघको भनाइ छ। महासंघ अध्यक्ष रवि सिंहले सिमेन्ट र डण्डीको जथाभावी मूल्य बढ्दा पनि सरकार मौन बसेको भन्दै असन्तुष्टि जनाए। 'सिमेन्टपछि डण्डीको मूल्य पनि अस्वभाविक वृद्धि गरिएको छ। तर, सरकार मौन बसेको छ। मिलेमतोमा मूल्यवृद्धि गर्न उद्योगीलाई सरकारी संयन्त्रबाटै प्रोत्साहन मिलेको छ। कतिपय अवस्थामा त मूल्य बढाउन सरकारले समर्थन नै गरेको देखिन्छ,' उनले भने।

एक महिनामै डण्डीको मूल्य प्रतिकेजी १४ रुपियाँसम्म बढेको उनले जानकारी दिए। 'भ्याटबाहेक पहिला उद्योगले प्रतिकिलो ७६ रुपियाँमा बिक्री गरिरहेको डण्डीको फ्यावट्टी मूल्य हाल ९० रुपियाँ पुगेको छ,' उनले *हेटौंडा सन्देशसँग* भने-मूल्य थप बढाउनका लागि एक हप्तादेखि सामान नै दिएका छैनन्। उत्पादन ठप्प पारेर बजारमा अभाव सिर्जना गर्ने र मूल्यवृद्धि गर्ने रणनीति देखिन्छ।

चैन कानुन :

उत्पादन लागतमा २० प्रतिशत्भन्दा बढी मुनाफा लिन नपाउने व्यवस्था सरकारले नै अध्यादेश ल्याएर हटाएपछि उद्योगीहरु मनपरि मूल्य तोक्न थप हौसिएका छन्। 'कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२' मा उत्पादनमा लागेको लागतमा २० प्रतिशत्भन्दा बढी मुनाफा लिन नपाउने व्यवस्था थियो। सरकारले अध्यादेशबाट हटाएको उक्त व्यवस्था संसद्बाट बहुमतको बलमा पारितसमेत भइसकेको छ।

उपभोक्ता संरक्षण ऐन, २०७५ मा उत्पादकले तोकेको मूल्यलाई नै अन्तिम उपभोग्य मूल्य मान्नुपर्ने कानुनी व्यवस्थामात्र कायम रहेकाले उद्योगीले पहिले सिमेन्ट र हाल डण्डीको भाउ मनलाग्दी वृद्धि गर्न थालेका हुन्। अध्यादेश ल्याएर नियन्त्रणमुखी व्यवस्था हटाएको सरकारलाई अब उद्योगीले तोकेको भाउ नियन्त्रण गर्न चाहे पनि कानुन अभाव छ।

'भाउ नियन्त्रण गर्ने हाल कुनै कानुन पनि छैन। त्यसैले, उत्पादकले तोकेको मूल्य नै अन्तिम मूल्य हुने कानुनी व्यवस्थाको पालना गर्नु जरुरी छ,' सरकारले निर्माण व्यवसायीलाई यस्तो आश्चर्यजनक 'सुझाव' दिएको छ।

उद्योगीले कार्टेलिङ गरेर निर्माणको सिजन सुरु हुने मंसिर पहिलो सातादेखि मूल्यवृद्धि सुरु गरेका थिए। दशैंअगाडि 'गेट प्राइस' ३ सय ५० रुपियाँसम्म झरेको सिमेन्टको उपभोक्ता मूल्य ५ सय ५० रुपियाँ प्रतिबोरासम्म थियो। तर, मंसिरमा भाउ बढाएर ७ सयदेखि ८ सय रुपियाँ प्रतिबोरासम्म पुगेको थियो। त्यसपछि निर्माण व्यवसायीले आन्दोलनको चेतावनी दिएका थिए।

सहमति उल्लंघन :

उद्योग मन्त्रालयको रोहवरमा मंसिर अन्तिम साता सिमेन्ट उद्योगी र निर्माण व्यवसायीसमेत बैठक बसेर बढेको भाउमा प्रतिबोरा १ सय रुपियाँ घटाउने सहमति भएको थियो। उक्त सहमतिले प्रतिबोरा सिमेन्ट ६ सय रुपियाँआसपास निर्धारण हुने जानकारी उद्योगीले दिएका थिए। तर, उद्योगीले मूल्य नघटाएपछि निर्माण व्यवसायीले पुनः मन्त्रालयमा ताकेता गरेका थिए। त्यसपछि ६ माघमा मन्त्रालय, सिमेन्ट उद्योगी र निर्माण व्यवसायीबीच पुनः बैठक बसेको थियो। बैठकमा मूल्य घटाएर लागू गर्ने प्रारम्भिक समझदारी बनेको थियो।

दुवै सहमति उलंघन गर्दै उद्योगीले बजारमा बढेकै मूल्य लागू गरेपछि सार्वजनिक लेखा समितिसम्म उजुरी परेको थियो। तर, मन्त्रालयले आफ्नै नेतृत्वमा बसेको बैठकको निर्णय त कार्यान्वयन गराउन नसकेपछि अन्य निकायको हालत के होला ? बुझ्न सकेनौं अध्यक्ष सिंहले भने।

स्ववियु निर्वाचन

कर्त ताला, कतै सर्वसम्मत्

सन्देश संवाददाता

हेटौंडा/स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनअन्तर्गत् मकवानपुरको निर्मल बहुमुखी क्याम्पसमा नेकपा एमालेनिकट अनेरास्ववियुले प्यानलसहित जित हासिल गरेको छ।

कुल ८७ मतदाता रहेकोमा ८४ मत खसेकोमा अनेरास्ववियुका अध्यक्ष उम्मेद्वार प्रशान्त भण्डारी ५३ मतसहित विजयी भएका छन्। सचिवमा मुना भण्डारी, कोषाध्यक्षमा सबिन अर्याल विजयी बने। उनकी प्रतिस्पर्धी अखिल समाजवादीकी नवीना घलानले ३१ मत ल्याइन्।

मनहरी बहुमुखी क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) सभापतिमा नेकपा (एकीकृत समाजवादी) निकट अनेरास्ववियुका कुमार घिसिङ निर्विरोध निर्वाचित भएका छन्। नेपाल विद्यार्थी संघका अबिक दाहाल सचिवमा निर्विरोध निर्वाचित भएका छन् भने अखिल क्रान्तिकारीका पासाङ मुक्तान कोषाध्यक्षमा निर्विरोध निर्वाचित भएका छन्।

हेटौंडा-६ स्थित वंशगोपाल बहुमुखी क्याम्पसमा पनि निर्विरोध कार्यसमिति चयन भएको छ। स्ववियु सभापतिमा अनेरास्ववियुका दिवस सिलवाल सर्वसम्मत् भएका छन्। राप्रपा विसंकी सजना घिमिरे उपसभापति भएकी छन्। सचिवमा अनेरास्ववियुका सुवास राई र अखिल क्रान्तिकारीका आशाराम गोले कोषाध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् भने सहसचिवमा नेवि संघका आशीष भोलन सर्वसम्मत् निर्वाचित भएको क्याम्पस प्रमुख लक्ष्मण कँडेलले जानकारी दिए।

पालुड बहुमुखी क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन हुन सकेन। विहान ८ बजेदेखि निर्वाचन गराउन निर्वाचन अधिकृतले सम्पूर्ण तयारी गरे पनि अनेरास्ववियु र नेपाल विद्यार्थी संघले निर्वाचन अधिकृतको कार्यालयमा तालाबन्दी गरेपछि निर्वाचन हुन नसकेको हो।

निर्वाचन गराउन विहानदेखि असहज परिस्थिति निर्माण भएको भन्दै निर्वाचन समितिले मध्याह्न राजीनामा दिएको छ। निर्वाचन संयोजक कुमार नेगी, सदस्य हरि कृष्ण कार्की, मीना महर्जनले संयुक्त राजीनामा दिएका छन्। निर्वाचन समितिले राजीनामा दिएपछि विवाद समाधान भएको थियो। तर, अखिल क्रान्तिकारी र अखिल छैठौंले पनि निर्वाचन संयोजकसहित सदस्यले राजीनामा दिएपछि तालाबन्दी गरेको छ।

तालाबन्दी गरेपछि संयोजक सहित सदस्य पुनःबन्धक बनेका छन्। ७२ जना मतदाता रहेको क्याम्पसमा तालाबन्दीसँगै निर्वाचन अनिश्चित बनेको छ। अनेरास्ववियुबाट रोशनी गोपाली र अखिल क्रान्तिकारीबाट रुमिना खत्री अध्यक्ष उम्मेद्वार थिए। ७ क्याम्पसमध्ये २ बटामा निर्विरोध कार्यसमिति चयन र एउटामा विवाद देखिएको छ भने ४ क्याम्पसमा निर्वाचन भएको छ।

मकवानपुर बहुमुखी क्याम्पसमा स्ववियु सभापतिका लागि २ जना चुनावी मैदानमा छन्। सभापतिका लागि ४ जनाले मनोनयन दर्ता गरेका भए पनि कांग्रेसनिकट विद्यार्थी संगठन नेवि संघले अनेरास्ववियुसँग संयुक्त प्यानल बनाएर अनेरास्ववियुका उम्मेद्वारलाई समर्थन गरेका छन्।

सभापतिका लागि अखिल क्रान्तिकारी, अनेरास्ववियु, राप्र विसं र विप्लव नेतृत्वको विद्यार्थी संगठनको संयुक्त प्यानलबाट अखिल क्रान्तिकारीका छोइसाङ लामाले उम्मेद्वारी दिएका छन्। लामा मकवानपुर बहुमुखी क्याम्पसका निवर्तमान स्ववियु सभापति हुन। अनेरास्ववियु र नेवि संघका साझा उम्मेद्वार अनेरास्ववियुका प्रसिद्ध रेग्मी मैदानमा छन्। स्ववियु सभापतिका लागि पुष्कर घिमिरेले स्वतन्त्र उम्मेद्वारी दिएका छन्। मकवानपुर क्याम्पसमा २ हजार ६ सय ९८ मतदाता छन्।

हेटौंडा क्याम्पसमा स्ववियु सभापतिका लागि २ जनाबीच प्रतिस्पर्धा छ। ३ जनाको उम्मेदवारी परे पनि नेवि संघबाट उम्मेद्वारी दिएका युवराज बिकले अनेरास्ववियुका उम्मेद्वारलाई समर्थन गर्दै फिर्ता लिएका थिए। हेटौंडा क्याम्पसमा स्ववियु सभापतिका लागि नेवि संघ र अनेरास्ववियुको संयुक्त प्यानलबाट अनेरास्ववियुका अभि मैनाली उम्मेद्वार छन्। उनी हेटौंडा क्याम्पसका निर्वतमान स्ववियु सभापति हुन्।

सभापतिमा राप्र विसं, विप्लव नेतृत्वको विद्यार्थी संगठन, अनेरास्ववियु र अखिल क्रान्तिकारीको संयुक्त प्यानलबाट अखिल क्रान्तिकारीका दीपक बाइबाले उम्मेद्वारी दिएका छन्। हेटौंडा क्याम्पसमा ८ सय ५ मतदाता छन्।

हेटौंडाको वनविज्ञान अध्ययन संस्थान क्याम्पसमा २ जना भिडेका छन्। ३ जनाको उम्मेद्वारी परेको उक्त क्याम्पसमा एकीकृत समाजवादीनिकट विद्यार्थी संगठन अनेरास्ववियुका सुमित लामाले निर्धारित समयमा मनोनयन पत्र नबुझा उनको उम्मेद्वारी स्वतः खारेज भएको थियो।

वनविज्ञानमा अनेरास्ववियु र नेवि संघका साझा उम्मेद्वार अनेरास्ववियुका श्यामराज भट्ट र अखिल क्रान्तिकारी तथा अखिल छैठौंको संयुक्त प्यानलबाट अखिल क्रान्तिकारीका छत्र शाही स्ववियु सभापति भिडेका छन्। उक्त क्याम्पसमा ४ सय ३८ मतदाता छन्।

महिलालाई आत्मनिर्भर बनाउन ब्युटीपार्लर तालिम

सन्देश संवाददाता



हेटौंडा/हेटौंडामा महिलालाई आत्मनिर्भर बनाउँदै स्वरोजगारको मार्गमा अघि बढाउन ३ सय ९० घण्टाको आधारभूत ब्युटीपार्लर तालिम सुरु भएको छ। बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयअन्तर्गत् प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परिषद् र हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोगमा सुरु भएको तालिमले स्थानीय महिलालाई सौन्दर्य व्यवसायमा नयाँ अवसर दिने लक्ष्य राखेको छ।

सूर्यमणि प्राविधिक शिक्षालय पालिकाको आयोजनामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका १९ वटै वडाबाट १ सय ३६ जना इच्छुक महिलामध्येबाट २० जना सहभागी छनौट भएका छन्। हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाले तालिम उद्घाटन गर्दै प्राकृतिक सौन्दर्य सामग्री प्रयोगद्वारा सौन्दर्य व्यवसायलाई अझ व्यावसायिक बनाउन तालिम प्रभावकारी हुने विश्वास व्यक्त गरिन्। 'महिलाहरु आफ्नै ठाउँमा सिप सिकेर आत्मनिर्भर बनून् भन्ने हाम्रो चाहना हो,' प्रमुख लामाले भनिन्।

प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परिषद्का प्रमुख शान्ति लामाले महिलालाई आफ्नै ठाउँमा सिप सिकेर स्वरोजगार बन्ने अवसरलाई गुम्न नदिन आग्रह गरिन्। तालिमका प्रशिक्षक सुमित्रा मुडभरी र लक्ष्मी लामाले सौन्दर्य सेवा व्यवसायमा आवश्यक सिप र प्रविधिको प्रशिक्षण दिनेछन्। कार्यक्रम संयोजक मेनका श्रेष्ठले ६०/४० आर्थिक साझेदारीमा सञ्चालित तालिमले स्थानीय महिलालाई सिपमूलक उद्यमतर्फ उन्मुख गराउने बताइन्।

सूर्यमणि प्राविधिक शिक्षालय प्रमुख श्यामकुमार अग्रवालको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा हेटौंडा उपमहानगरपालिका उद्योग शाखा प्रमुख महेन्द्र चापागाईंसहित स्थानीय प्रतिनिधिको उपस्थिति थियो। स्वरोजगार र आत्मनिर्भरता निर्माणको मार्गमा अग्रसर भएको तालिम स्थानीय महिलाका लागि उज्यालो भविष्यको आधारशीला बन्ने अपेक्षा गरिएको छ।

महेन्द्रमा एसईई तयारी सम्पन्न

सन्देश संवाददाता

हेटौंडा/यस पटकको एसईई परीक्षा सञ्चालनका लागि आवश्यक सम्पूर्ण पूर्वाधार तयारी सम्पन्न भएको महेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक कुमार लामाले एक भेलामा बताएका छन्।

उक्त विद्यालय परीक्षा केन्द्रमा कृष्ण मावि भैंसेका नियमिततर्फ २६ छात्रा, २४ छात्र र ग्रेडवृद्धितर्फ १५ छात्रा र १२ छात्र गरी ७७ जना छन्। बाराही मावि निबुवाटारका नियमिततर्फ १९ छात्रा, १६ छात्र र ग्रेडवृद्धितर्फ १ छात्रा र ९ छात्र गरी ४५ जना छन्।

महालक्ष्मी मावि सुपिड्का नियमिततर्फ १२ छात्रा, १ छात्र र ग्रेडवृद्धितर्फ १० छात्रा गरी २३ जना विद्यार्थी छन्। पञ्चकन्या मावि इपाका नियमिततर्फ ३ छात्रा र ग्रेडवृद्धितर्फ २ छात्रा र ६ छात्र गरी ११ जना छन्। श्री मावि कोमटेका नियमिततर्फ ८ छात्रा, ४ छात्र र ग्रेडवृद्धितर्फ २ छात्रा र ४ छात्र गरी १८ जना छन्। यससँगै क्षेत्रीय कारागार भीमफेदीबाट ७ जना बन्दीले पनि परीक्षा दिने भएका छन्। परीक्षामा कुल १ सय ८१ जना सहभागी हुनेछन्।

परीक्षा चैत ७ गते विहान ८ बजे आरम्भ हुँदैछ। परीक्षामा १५ जना शशस्त्र तथा जनपद प्रहरीले बाहिरी सुरक्षा प्रदान गर्नेछन्। परीक्षा शान्त वातावरण तथा मर्यादित बनाउन सबै सरोकार पक्षले आआफ्नो ठाउँबाट जिम्मेवार भूमिका निभाउने निर्णयसाथ भेला सम्पन्न भएको छ।

महेन्द्र मावि व्यवस्थापन समितिले आयोजना गरेको कार्यक्रममा अध्यक्ष ईश्वरमान श्रेष्ठ, पालिका कार्यकारी प्रमुख जीवन कुँवर, शिक्षा अधिकृत चक्र साउद, क्षेत्रीय कारागार भीमफेदी एपीएफ प्रमुख मोहन केसी, इलाका प्रहरी कार्यालयका प्रसनि भरत सिलवाल, ६ नम्बर वडा अध्यक्ष सोमबाहादुर घलान, सम्बन्धित विद्यालयका व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक, महेन्द्र मावि व्यवस्थापन समितिका पदाधिकारी, समाजसेवी, पत्रकारको उपस्थिति थियो।

प्रतिव्यक्ति ऋणभार ९१ हजार

काठमाडौं/एक महिनामै सार्वजनिक ऋणको भार ६४ अर्ब रुपियाँभन्दा बढीले वृद्धि भएको छ। माघ सान्तसम्म २६ खर्ब ११ अर्ब ६ करोड रहेको सार्वजनिक ऋणको भार फागुनमा बढेर २६ खर्ब ७६ अर्ब ३ करोड रुपियाँ नाघेको हो।

चालु आर्थिक वर्षमा २ खर्ब ४१ अर्ब ९३ करोड रुपियाँ ऋण थप भएको छ। चालु आर्थिक वर्षको सुरुवातमा कुल सार्वजनिक ऋण २४ खर्ब ३४ अर्ब ९ करोड ९८ लाख रुपियाँ थियो। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार सार्वजनिक ऋणको दायित्व कुल गार्हस्थ उत्पादन (जीडीपी) को ४६ दशमलव ९१ प्रतिशत् छ। राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार नेपालको जीडीपी ५७ खर्ब ५ अर्ब रुपियाँ अनुमान गरिएको छ।

कुल ऋणमध्ये आन्तरिकतर्फ १३ खर्ब १५ अर्ब ५७ करोड ८६ लाख अर्थात् जीडीपीको २३ दशमलव शून्य छ प्रतिशत् र बाह्यतर्फ १३ खर्ब ६० अर्ब ४६ करोड ११ लाख अर्थात् जीडीपीको २३ दशमलव ८५ प्रतिशत् छ। विनिमय दरमा आएको परि वर्तनबाट ६६ अर्ब २९ करोड रुपियाँ दायित्व थप भएको छ। डलरको भाउ महगिँदा फागुन महिनामा मात्र २९ अर्ब ७० करोड बढेको छ। जनसंख्याका आधारमा प्रतिव्यक्ति ऋणभार झण्डै ९१ हजार रुपियाँ पुगेको छ।

चालु आर्थिक वर्षमा ५ खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा फागुन मसान्तसम्म ३ खर्ब ३४ अर्ब ६२ करोड ऋण प्राप्त भएको छ। यो लक्ष्यको तुलनामा ६१ दशमलव १७ प्रतिशत् छ। यसमध्ये आन्तरिक र वाह्य ऋणप्राप्तिको प्रगति क्रमशः ८१ दशमलव ५६ प्रतिशत् र ३० दशमलव १७ प्रतिशत् छ। कुल ऋणप्राप्तिमा आन्तरिक र वाह्य ऋणको हिस्सा क्रमशः ८० दशमलव ४३ प्रतिशत् र १९ दशमलव ५७ प्रतिशत् छ। चालु आर्थिक वर्षमा ऋण खर्चका लागि २ खर्ब ८५ अर्ब बजेट विनियोजन गरि एकोमा फागुन मसान्तसम्म २ खर्ब १ अर्ब ८२ करोड भुक्तानी भएको छ।

उखान: कुनैबेलाका सैनिक विन्स्टन चर्चिल बेलायतका प्रधानमन्त्री बने ।

बेलाको बोली

प्राय सबै मानिसले आफूसँग कुनै शक्ति छैन भन्ने सोचेर आफूसँग भएको अनन्त शक्ति त्याग गर्ने गर्दछन ।

- एलिस वाल्कर

सम्पादकीय

फलामे ढोका "एसईई"

विद्यार्थी जिवनको फलामे ढोकोकारूपमा परिचित माध्यमिक शिक्षा परीक्षा (एसईई) मुलुकभर बिहीबारदेखि सुरु भएको छ। यो परीक्षामा पाँच लाख चार हजार चार सय १४ परीक्षार्थी सहभागी छन् । यसका लागि ७७ हजार पाँच सय जनशक्ति खटिने भएका छन् । सुरक्षाकर्मी मात्र ३० हजार परिचालन गरिएको भने विद्यालयहरूले परीक्षामा सहभागी हुने आफ्ना विद्यार्थी लाई फूलभाला लगाएर उज्वल भविष्यको कामना गर्दै बिदाइसमेत गरेका छन् । कुनै पनि परीक्षा विषयगत क्षेत्रमा उसको विपूर्णता मापन गर्ने माध्यम हो। यसरी मापन गर्दा त्यो सोचेजस्तो भएन भने आकासै खसिहाल्दैन। त्यसैले परीक्षा औपचारिक पढाइका क्रममा सामान्य प्रक्रिया हो।

हाम्रो शिक्षा नीतिमा एकरूपता छैन। न कुनै अडान नै छ। कहिले ग्रेडिङ प्रणाली भनेको छ। कसैलाई पनि फेल नगराउने नीति लिइएको छ। कहिले त्यसलाई परिवर्तन गरेर पास र फेल हुने निर्णय गरिन्छ। कहिले पास हुन यति त्याउने पर्ने भनिन्छ अनि कहिलेचाहिँ त्यसलाई फेरि घट-बढ गरिन्छ। शिक्षा क्षेत्रमा यति धेरै नीतिगत परिवर्तन किन ? गाँचले मात्र उचित जनशक्ति तयार हुने हो र ? के मुलुकको शिक्षा क्षेत्र हाँक्ने ठाउँमा बसेकाले गर्ने निर्णयको कुनै आधार चाहिन्न ? व्यक्तिको मात्र नभएर सिंगै राष्ट्रको समेत भविष्य गाँसिएको शिक्षा जस्तो संवेदनशिल क्षेत्रमा गरिने निर्णय 'गाई कि त्रिशुल ?' खेल जस्तो गराउन मिल्ला ? अघिल्लो पटकसम्म एसइइमा सहभागी भएपछि कोही फेल हुनु नपर्ने, सबै पासको नीति थियो । अहिले आएर फेरि पास र फेलको व्यवस्था गरिएको छ। यसको सरकारी कारण छ कि नयाँ पाठ्यक्रमअनुसार परीक्षा लिनु। अनि कोही फेल हुनु नपर्ने ग्रेडिङ प्रणालीले पढाइको स्तर कमजोर बनायो रे । ठीक छ, ग्रेडिङ प्रणालीमा यस्तो समस्या आयो भने यसबारे यो लागु गर्नुअघि नै किन सोचिएन ?

यी यावत् पक्षमा सोचविचार नगरूञ्जेल नेपालको माध्यमिक शिक्षा परीक्षा गरा हैन, सिंगो शैक्षिक क्षेत्र अनिश्चयको भूमरीमा पर्छ । मुलुकले सबैभन्दा बढी लगानी गर्ने शिक्षा क्षेत्रलाई केही व्यक्तिलाई मनमा लागेका कुरा परीक्षण गर्ने प्रयोगशाला बनाउन पाइन्न । यसका लागि पर्याप्त आधार, अनुसन्धान हुनुपर्छ। कसैलाई केही लागेका भरमा नीति परिवर्तन गरिरहने, त्यो पनि लामो समय टिक्न नसक्ने र त्यसको शिकार सामान्य शिक्षार्थी भइरहने अवस्था चिन्ताजनक छ। केवल गाँचले मात्र राम्रो जनशक्ति उत्पादन हुन सक्दैन, पढाइ एउटा बिद्यार्थीको लागि सर्वोपरि हो । एउटै कक्षामा एउटै शिक्षकले पढाउने बिषयमा हरेक बिद्यार्थीले बराबर सिकेका र जानेका हुन्छन् तर नेपालमा किन नम्बरको आधारमा भेदभाव गर्ने ? आजको कमजोर बिद्यार्थी भोलि अब्बल निस्कन सक्दैन ?

मकवानपुरमा आज

१: जानकारी नआएको ।

तपाईको आज

मेष	पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । आयआर्जनका स्रोत फेला पर्नेछन् । प्रयत्न गर्दा जिन्सीलाई नगदमा रूपान्तरण गर्न सकिनेछ ।	बृष	पहिले आलस्य गर्नाले काम सम्पादन मा भने धेरै समय लाग्न सक्छ । तापनि आम्दानी बढ्नाले आवश्यकता र सोख पूरा गर्न सकिने योग छ ।
मिथुन	राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुनेछ। मेहनत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ ।	कर्कट	व्यापारमा पनि राम्रै फाइदा हुनेछ। काममा विशिष्ट व्यक्तिको सहयोग प्राप्त होला । लगनशीलताले किर्तिमानी दिलाउन सक्ने योग छ ।
सिंह	धर्ममा श्रद्धा र परोपकारमा मन जानेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ । आस मारेको काम बन्नाले उत्साह जाग्ने योगछ ।	कन्या	सानो प्रयत्नले ठूलो काम बन्नेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । रोकिएको काम बन्नेछ र नयाँ काम थालनी हुने योग देखिनछ ।
तुला	कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ । गोपनीयता बाहिरिनाले अप्ठ्यारो पर्न सक्ने योग देखिनेछ ।	बृश्चिक	दिन लाभदायक र मनोरञ्जनपूर्ण र हनेछ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्ने योग देखिनेछ ।
धनु	मिहिनेत गर्दा चिताएको काम सम्पादन गर्न सकिनेछ। प्रियजनसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुने योग देखिनेछ।	मकर	रकम तथा भौतिक साधन जुटनाले दिन उत्साहजनक रहनेछ । परिस्थितिसँग सम्झौता गर्नुपरे पनि प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ।
कुम्भ	कामका लागि बिहानको समय अनुकूल रहनेछ भने परिस्थिति पनि रमाइलो हुनेछ । परिवारजनको साथले नयाँ आशा जगाउनेछ।	मिन	मध्याह्नपछि नयाँ कामतर्फ अग्रसर भइनेछ । मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ । चुनौती चिर्दै काम बनाउन सकिने योग देखिनेछ ।

हाम्रो सम्पर्क ठेगाना
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८०१०६७२३६
विज्ञापन शाखा : ९८६५१७०५१३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

जातका बारेमा पहिला र अहिलेको भिन्नता

✍दिवस घिमिरे

नेपालमा जातिवादको प्रभाव निकै गहिरो छ, र यसले नेपाली समाजको संरचना र सामाजिक सम्बन्धमा महत्वपर्ण भूमिका खेलेको छ । जातिमा आधारित विभाजन लामो समयदेखि समाजको एउटा स्थायी हिस्सा भएको छ, तर, पछिल्लो समयमा जातिवादप्रतिको सोचमा उल्लेखनीय परिवर्तन आएको छ । समाजशास्त्र एक शास्त्र हो, जसले समाज र यसका संरचनाहरु, सम्बन्धहरु र यसका सामाजिक र सांस्कृतिक व्यवहारहरुको अध्ययन गर्छ ।

विवाहको संस्थाले समाजको संरचनामा महत्वपर्ण भूमिका खेल्छ, र यससँग सम्बन्धित सामाजिक प्रथा र परम्पराहरुले समाजको विकास र परिवर्तनमा प्रभाव पार्दछ । समाजशास्त्रमा विवाहसँग जोडिएका विभिन्न प्रकारका विवाह प्रथाहरुको अध्ययन गरिन्छ, जसमा एन्डोगामी, एक्सोगामी, हाइपरगामी र हाइपोगामी जस्ता अवधारणाहरु छन् । यी अवधारणाहरुले सामाजिक सम्बन्ध, वर्ग, लिङ्ग र सांस्कृतिक विशेषताहरुलाई वर्णन गर्ने माध्यमको रुपमा कार्य गर्छन् ।

एन्डोगामी :

एन्डोगामी भन्नाले यस्तो विवाह प्रथा बुझाउँछ जसमा मानिसहरु आफ्नो समूह, जाति, धर्म, समुदाय वा सामाजिक वर्गभित्रका व्यक्तिहरुसँग विवाह गर्दछन् । यसमा बाह्य समूहसँग विवाह नगर्न वा बाह्य समूहसँगको सम्बन्ध नबनाउनलाई प्राथमिकता दिइन्छ । एन्डोगामीको मुख्य उद्देश्य समूहको एकता र सांस्कृतिक पहिचानको रक्षा गर्नु हो । समाजमा एन्डोगामीको प्रचलन विशेषगरी जातिवाद, धार्मिक विश्वास, र सामाजिक वर्गको आधारमा देखा पर्छ ।

नेपालजस्तो विविधतासम्पन्न समाजमा एन्डोगामी प्रचलनले विशेष महत्व राख्दछ । यहाँ जाति र समुदायका आधारमा विवाहका लागि विशेष परम्पराहरु र सामाजिक नियमहरु बनाइएका छन् । एन्डोगामीको उद्देश्य समूहको सांस्कृतिक पहिचानलाई सुरक्षित राख्नु, सामाजिक एकता मजबुत बनाउनु र बाह्य प्रभावबाट बच्नु हो । उदाहरणका लागि, हिन्दुधर्मका जातिवादको प्रभाव अझै कायम छ र त्यहाँ उच्च जातका मानिसले आफ्नै जातिभित्र विवाह गर्न प्राथमिकता दिन्छन् । यस प्रकारका विवाहले जातीय भेदभावलाई बलियो पार्न सक्छ र सामाजिक असमानता थप उत्पन्न गर्न सक्छ । एन्डोगामीका सकारात्मक पक्षहरुमा सामाजिक एकता र परम्परागत मान्यताहरुको संरक्षण समावेश छ, जब कि नकारात्मक पक्षमा जातीय भेदभाव र समग्र सामाजिक गतिशीलताको कमी देखिन्छ ।

एक्सोगामी :

एक्सोगामी भन्नाले यस्तो विवाह प्रथा बुझाउँछ जसमा मानिसले आफ्नो समूह-बाहिरका व्यक्तिहरुसँग विवाह गर्दछन् । यसको विपरीत एन्डोगामीको हुन्छ, जहाँ मानिसले आफ्नो समुदाय वा जातिभित्र विवाह गर्न प्रोत्साहन दिइन्छ । एक्सोगामी प्रथाले विभिन्न जाति, समुदाय, धर्म, वा सामाजिक समूहबीचको सञ्जालालाई विस्तार गर्न मद्दत पुऱ्याउँछ । यस प्रकारका विवाहले सामाजिक गतिशीलता र एकता सुदृढ पार्न काम गर्छ, साथै विभिन्न संस्कृतिहरुको आपसी आदान प्रदानको अवसर प्रदान गर्छ ।

नेपालको सन्दर्भमा एक्सोगामी प्रचलन सहरी क्षेत्रहरुमा देखिन सक्छ, जहाँ जातिवादको प्रभाव कम छ र मानिसले आफ्नो समूह-बाहिरका व्यक्ति सँग विवाह गर्न प्रवृत्ति देखाउँछन् । यो विशेषगरी आधुनिक समयको समाजमा सामाजिक परिवर्तन र खुलापनको संकेत हो । एक्सोगामी प्रथाले सांस्कृतिक विविधता र सामाजिक समावेशितालाई प्रोत्साहन दिन सक्छ, जसले समाजलाई समग्ररुपमा बलियो र गतिशील बनाउन मद्दत पुऱ्याउँछ । यसको सकारात्मक पक्षमा सामाजिक समावेशिता र सांस्कृतिक परिवर्तनहरुलाई प्रोत्साहन गर्नु हो, जब कि नकारात्मक पक्षमा परिवार र समुदायका बीचमा वैमनस्य र संघर्षका अवसरहरु पनि उत्पन्न हुन सक्छन् । साथै, यसले पारम्परिक मूल्य र मान्यतामा चुनौती प्रस्तुत गर्न सक्छ ।

हाइपरगामी :

हाइपरगामी भन्नाले यस्तो विवाह प्रथा बुझाउँछ जसमा एक व्यक्तिले आफ्नभन्दा उच्च सामाजिक वर्ग, आर्थिक स्थिति, शिक्षाको स्तर वा सामाजिक स्थिति भएका व्यक्तिसँग विवाह गर्छ । यस प्रथामा मुख्य उद्देश्य व्यक्ति र परिवारको सामाजिक स्थिति र आर्थिक समृद्धि बढाउनु हुन्छ । हाइपरगामी प्रथा विशेषगरी महिलामा बढी देखिन्छ, जसमा महिलाले आफ्नो सामाजिक र आर्थिक स्थिति सुधार गर्नका लागि उच्च वर्गका पुरूषसँग विवाह गर्न प्रवृत्ति देखाउँछन् ।

नेपालजस्तो विकासोन्मुख राष्ट्रमा हाइपर-गामीको प्रभाव भनेको महिलाले सामाजिकरुपमा उच्च वर्गका पुरूषसँग विवाह गर्न चाहने प्रवृत्ति देखिन्छ । विशेषगरी, यसले समाजमा स्त्रीको आर्थिक र सामाजिक उत्थानको अवसर प्रदान गर्न सक्छ । महिलाले उच्च शिक्षा प्राप्त पुरूषसँग विवाह गरेर आफ्नो जीवनस्तर सुधार्न सक्छन् । तर, यसका नकारात्मक पक्षमा व्यक्तिको व्यक्तिगत स्वतन्त्रता र विवाहमा असन्तुलनका समस्याहरु उत्पन्न हुन सक्छ । साथै, समाजका केही वर्गमा यो प्रथा एक अनौठो र असमान विवाहको रुपमा देखा पर्न सक्छ । हाइपरगामी प्रथाले महिला सशक्तीकरणका लागि अवसर प्रदान गर्न सक्छ, तर, यसले पार स्परिक समाजको संरचनामा असमानता र संघर्ष पनि सिर्जना गर्न सक्छ ।

हाइपोगामी :

हाइपोगामी भन्नाले हाइपरगामीको विपरीत प्रथा हो, जहाँ एक व्यक्ति आफ्नभन्दा निचो सामाजिक, आर्थिक या शैक्षिक वर्गका व्यक्तिसँग विवाह गर्छ । यसमा व्यक्तिले आफ्नभन्दा कम सामाजिक स्थिति र आर्थिक अवस्थामा रहेका व्यक्तिसंग विवाह गर्छ । हाइपोगामी प्रथा प्रायः पुरूषको तुलनामा महिलामा कम देखिन्छ, तर, यो विशेषगरी केही समाजमा प्रचलित हुन सक्छ जहाँ पारम्परिक लिङ्ग भूमिकाको प्रभाव बढी हुन्छ । नेपालमा हाइपोगामीको उदाहरण खासगरी ग्रामीण क्षेत्रहरुमा भेट्न सकिन्छ, जहाँ महिलाको शैक्षिकस्तर र सामाजिक स्थिति कम हुन सक्छ, र उनीहरुले आफ्नभन्दा कम आर्थिक र सामाजिक स्थितिका पुरूषसँग विवाह गर्न सक्छन् ।

हाइपोगामी प्रथाले समाजमा असमानता र असन्तुलन उत्पन्न गर्न सक्छ, जहाँ महिलाको अधिकार र स्वतन्त्रामा कमी आउन सक्छ । साथै, यसले पारिवारिक संरचनामा असमझदारी र तनावलाई उत्पन्न गर्न सक्छ । हाइपोगामी प्रथाको सकारात्मक पक्ष भनेको यसले पारम्परिक सामाजिक संरचनालाई चुनौती दिन सक्छ र व्यक्तिका व्यक्तिगत चुनावको स्वतन्त्रतालाई बढ्वा दिन सक्छ । तर, यसको नकारात्मक पक्ष भनेको समान अवसर र सामाजिक न्यायको अभाव हुन सक्छ । समाज शास्त्रमा एन्डोगामी, एक्सोगामी, हाइपरगामी र हाइपोगामीका विभिन्न अवधारणाहरुले विवाह र सम्बन्धको सन्दर्भमा सामाजिक संरचना, असमानता र परिवर्तनका प्रक्रियाहरुलाई बुझ्न मद्दत गर्छ ।

यी प्रथाहरु समाजका विभिन्न वर्ग, जाति, धर्म र सांस्कृतिक पहिचानसँग गहिरो सम्बन्ध राख्छन् । जसरी समाज र संस्कृतिहरु परिवर्तन हुँदैछन्, यी विवाह प्रथाहरु पनि समय र स्थान अनुसार फरक हुन सक्छन् । नेपालमा विशेषगरी जातिवाद, धर्म र सामाजिक संरचनाको प्रभावले यी प्रथाहरुलाई आकार दिन्छ । सामाजिक र सांस्कृतिक परिवर्तनका क्रममा मानिसले यी प्रथाहरुमा लचकता ल्याउन थालेका छन्, जसले समाजमा नयाँ सोच र विश्वासको विकासको संकेत दिन्छ । त्यसैले, यी प्रथाहरुको अध्ययनले समाजको विकास र प्रगतिका बारेमा मूल्यवान् दृष्टिकोण प्रदान गर्छ ।

अघिल्लो सोच :

नेपालमा जातिवादको परम्परा प्राचीन समयदेखि चलिआएको हो । नेपालको पारम्परिक जाति व्यवस्था 'वर्ण व्यवस्था'मा आधारित थियो, जसमा समाजलाई मुख्यरुपमा चार मुख्य जातिमा विभाजन गरिएको थियो : ब्राह्मण, क्षेत्रीय, वैश्य, र शूद्र । यी जातिहरु सामाजिक, धार्मिक र आर्थिक दृष्टिकोणमा एकअर्काबाट पृथक थिए, र प्रत्येक जातिको आफ्नै भूमिका र अधिकारहरु थिए । यसमा ब्राह्मण र क्षेत्रीयहरुलाई उच्च मान्यता प्राप्त थियो, जब कि शूद्र सामाजिकरुपले अपहेलित र कम दर्जाको मानिन्थे । यो जातिवादको प्रभावले नेपाली समाजमा गहिरो असमानता र भेदभाव-लाई जन्म दियो । शूद्र जातिको अधिकार र अवसर सीमित थिए, र उनीहरुलाई शिक्षाको पहुँच पनि सहज थिएन । यही कारणले जातिको आधारमा विवाह, पेशा, र अन्य सामाजिक सम्बन्धहरु तय हुन्थे । धर्म र परम्पराले पनि जातिवादलाई प्रोत्साहन दियो र यसका आधारमा उच्च जातिका मानिसले समाजको नेतृत्व र शक्तिमा स्थान पाउंथे, जब कि अन्य जातिहरुलाई उनीहरुको अवस्था सुधार्नका लागि संघर्ष गर्नुपर्ने अवस्था थियो ।

वर्तमान सोच :

वर्तमान समयमा नेपालमा जातिवादप्रतिको सोचमा ठूलो परिवर्तन आएको छ । २००७ को जनआन्दोलन र २०६८ को संविधानले जातिवादका विरूद्ध ऐतिहासिक कदम चालेको हो । नेपालको संविधानले जातीय भेदभावको विरोध गर्दै सबै नागरिकलाई समान अधिकार र अवसर प्रदान गर्न प्रतिबद्धता जनाएको छ । जातिवाद र शोषणका लागि कानुनीरुपले कडा कारबाही हुने व्यवस्था गरिएको छ । यसका साथै, शिक्षा र जागरूकताको स्तरमा सुधार भएका कारण धेरैजसो नेपालीले जातिवादको विरूद्धमा आवाज उठाएका छन् र यसलाई अमान्य मान्न थालेका छन् ।

आज युवाहरुले जातिवादको सोचलाई चुनौती दिन थालेका छन् । शिक्षित र खुला सोचका व्यक्तिहरु जाति र समुदायको सिमाना तोडेर विवाह, पेसा, र सामाजिक गतिविधिहरुमा सहभागिता जनाउन इच्छुक छन् । सहरी क्षेत्रमा जातिवादको प्रभाव कम हुँदैछ र समाजमा सामाजिक समानता र समावेशिताको भावना बलियो बनिरहेको छ । अर्कोतर्फ, ग्रामीण क्षेत्रमा र अझै पनि परम्-परागत सोच भएका व्यक्तिहरुमा जातिवादको प्रभाव बलियो छ । विशेषगरी, उच्च जातिका मानिसहरुले अझै पनि आफ्नो स्थिति र प्रभुत्व कायम राख्नका लागि जातीय भेदभावको प्रयोग गर्दछन् । त्यसैले, पूर्णरुपमा जातिवादको समाप्ति अझै सम्भव छैन, तर, चेतना र परिवर्तनको प्रक्रिया जारी छ ।

निष्कर्ष :

अघिल्लो र वर्तमान सोचमा जातिवादप्रति ठूलो भिन्नता आएको छ । अघिल्लो समयको जातिवाद अत्यन्त गहिरो र संरचित थियो, जसले समाजलाई विभाजित र असमान बनाएको थियो । तर, अहिलेको सोचमा जातिवादको विरूद्ध संघर्ष, समानता र समावेशिता प्रमुख विषय बनेका छन् । संविधान, कानून र शिक्षामार्फत् जातिवादको समाप्तिको दिशा लिन नेपालले महत्वपर्ण कदम चालेको छ । यद्यपि, यसमा अझै पूर्ण सुधारको आवश्यकता छ र समाजका केही क्षेत्रहरुमा जाति-वादको प्रभाव अझै रहिरहेको छ । जातिवाद अन्त्यका लागि निरन्तर प्रयास र जनचेतना आवश्यक छ ।

श्रोत: चितवन पोष्ट

जनस्वास्थ्यमा हैजाको प्रभाव

✍अंशु भुसाल

रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु जनस्वास्थ्यको आधारभूत सिद्धान्त हो । यो सिद्धान्त स्वस्थ जीवनलाई प्रवर्द्धन, सुधार र टेवा पुऱ्याउनका लागि आवश्यक छ । कुनै पनि नयाँ कुराको आविष्कार वा भनौं सुरुवात, को बाट भयो भनेर सोध्दा, सामान्यता व्यक्तिको नाम आउँछ तर, जनस्वास्थ्यमा हैजा'लाई पिताको रुपमा बुझिन्छ । १९ औं शताब्दीमा भएको हैजाको कारणले जनस्वास्थ्यको जग तथा विकास भयो भन्दा अन्यथा नहोला । उचित उपचारको अभावमा, हैजाले शरीरमा गम्भीररुपले पानीको मात्रा घटाउँछ र बिरामीको मृत्युसमेत हुन सक्छ । हैजाले बालबालिका तथा वृद्धवृद्धालाई बढी असर गर्दछ । हैजा रोकथाम गर्न सकिने रोग भएपनि जनस्वास्थ्यको समस्याको रुपमा चिनिएको छ ।

सन् १८५४ मा लण्डनमा हैजाले महामा-रीको रुप लिएको थियो । जोन् इस्नोले अध्ययन तथा अनुसन्धान गरेर प्रदूषित पानी नै महामारीको मुख्य कारण हो भनेर पत्ता लगाएका थिए । त्यसका लागि उनले सोहो जिल्लामा भइरहेको यस महामारीको विस्तृत अनुसन्धान गर्दा, त्यहाँ रहेको ब्रोड स्ट्रिटको पानीको पम्प मुख्य स्रोत ठहरियो । पम्पको ह्याण्डल हटाएपछि, फलस्वरुप महामारी रोकिएको थियो । त्यसका सायसायै, स्नोले लण्डनका घरहरुमा पानी प्रदान गर्ने ड्रेंटा पानी वितरण प्रणालीको अध्ययन गरे । एउटाले थेम्स नदीको प्रदूषित भागबाट पानी ल्याउथे भने, अर्कोले नदीको सफा भागबाट । सफा पानीको प्रयोग गर्नेमा रोगको संक्रमणको दर कम देखियो ।

यस अध्ययनले स्वच्छता अभियानलाई बलियो बनायो । रोग फैलिने कारण (मियास्मा सिद्धान्त अर्थात् दुषित हावा) बारे धारणा परिवर्तन गर्दै पानी शुद्धीकरण र नाली सरसफाईलाई प्राथमिकता दिन महत्वपर्ण भूमिका खेल्यो । फलस्वरुप, सहरहरुले ढल व्यवस्थापन तथा पानी शुद्धिकरणमा विशेष ध्यान दिन थाले । हैजाको फोहोर र संक्रमित पानीका मूहानसँग गहिरो सम्बन्ध छ । यो कुरा पत्ता लागेपछि आममानिसमा सफा तथा शुद्ध पानी, व्यवस्थित फोहोर व्यवस्थापनको महत्व बढ्यो । पानी वितरणका सरंचनाहरुमा ध्यान दिन थालियो । हैजामा स्नोले गरेको अध्ययन तथा अनुसन्धानले गर्दा इपिडिमियोलोजीको जग बस्यो । इपिडिमियोलोजी भनेको कुनै पनि रोगको वितरण र निर्धारक कारकहरुको अध्ययन हो, जसले गर्दा रोगलाई फैलिनबाट नियन्त्रण गर्न, भविष्यमा हुन सक्ने प्रकोपहरु रोक्न तथा दीर्घकालीनरुपमा स्वास्थ्यमा सुधार गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।

हैजा १८५४ मा मात्र नभई त्योभन्दा अगाडि पनि हैजाले सताएको थियो र अनुसन्धानका कार्यहरुको पनि थालनी भएको थियो । सन् १८४८ -४९ मा भएको हैजाको महामारीले हजारौँको ज्यान लियो, जसका कारण ब्रिटेनमा जनस्वास्थ्यको ऐन आयो । त्यस समयको स्वास्थ्य प्रणालीले बिरामी भएपछि बल्ल स्वास्थ्यमा ध्यान दिन्थ्यो भने स्नोको अनुसन्धान पछि रोकथामका कार्यहरुमा ध्यान केन्द्रित हुन थालेको थियो । यस रोगको रोकथाममा शुद्ध पानीको पहुँच, उचित फोहोर व्यवस्थापन तथा सरसफाइका अभ्यासहरुले टेवा दियो ।

विश्वमा विभिन्न समय र बिभिन्न राष्ट्मा भएको हैजाले, राष्ट्रियमात्र नभई अन्तर्राष्ट्रिय साथ-सहयोगको महत्व पनि उजागर भयो । युरोपमा हैजा दोहोरिरहेकोले एक देशबाट अर्को देशमा हैजाको महामारी फैलिन नदिनका लागि के के गर्न सकिन्छ भनेर छलफल गर्न माध्यम बनेको अन्तर्राष्ट्रिय सेनेटरी सम्मेलन (१९५१)ले सञ्चार कर्मीसम्बन्धि समस्याहरुलाई राष्ट्रहरुले कसरी समाधान गर्न सकिन्छ भन्ने प्रणालीको सुरुवात गरेको थियो । फल स्वरुप, विश्व स्वास्थ्य संगठन जस्ता अन्तर्राष्ट्रिय स्वास्थ्य संस्थाको स्थापना भयो ।

हैजाको कारणले माइक्रोबायोलोजी (सूक्ष्म जीवविज्ञान)मा प्रगति भयो । रोबर्ट कोचले सन् १८८४ मा यसको कारक ब्याक्टेरिया (भिब्रियो कोलेरा) पत्ता लगाए । यो खोजले लुईस् पास्चरले प्रतिपादन गरेको रोगको किटाणु सिद्धान्त (खुल्ला आँखाले देख्न नसकिने जीवाणु जस्तै ब्याक्टेरिया, भाइरस, फंगस हाम्रो शरीरमा प्रवेश गरेर रोग लाग्न र यसका साथै बढ्दो सहरी जीवनलाई कसरी व्यवस्थित गर्ने भन्ने कुरा नि मुख्य रहयो ।

राष्ट्रहरुले पनि बढ्दो जनसंख्या, घरायसी अवस्था, सरसफाईलाई सम्बोधन गर्न सञ्चार कर्मीसम्बन्धि नीति तथा सहरी विकास योजनामा लागु गर्न लागे । मुख्य कुरा भनेको त आम सर्वसाधारणलाई हैजा भनेको के हो भन्ने बारेमा विस्तृत जानकारी हुनु महत्वपूर्ण हो । यसले गर्दा आधुनिक स्वास्थ्य शिक्षाको आधार तयार भयो । सरकारीस्तरबाटै स्वास्थ्य क्षेत्रमा संलग्न हुँदा गरि रहेका गतिविधिले दिगोपन पाउने सम्भावना हुन्छ । जनस्वास्थ्यका विभाग तथा सम्बन्धित कार्यालयको स्थापनाले रोग फैलिन नदिन गरिएका गतिविधि देखि त्यसको उचित निगरानी र अनुगमनलाई थप साथ र सहयोग दियो । हैजाले केवल हाम्रो व्यवहारलाई मात्र होइन, समाजको असमानता र विकासको कमीलाई पनि सतह्मा ल्याये । भन्ने नै हो भने, यस रोगले इपिडिमियोलोजी, सरसफाइ र रोगको रोकथाम गरेर स्वस्थ रहने विधिमा नयाँ आयाम दिँदै जनस्वास्थ्यलाई हालको अवस्थामा ल्याउन ठूलो भूमिका खेलेको छ । हरेक घटनाबाट पाठ सिक्नु पर्दछ । हैजाले हामीलाई आधुनिक जनस्वास्थ्यका संकटहरु बुझ्न र उचित व्यवस्थापन गर्नको लागि अनुपम ज्ञान दिएको छ । रोगको निगरानी, अनुसन्धानमूलक खोज र सही आपतकालिन अवस्थालाई सम्बोधन गर्न स्पष्टरुपले जानकारी दिन आवश्यक हुन्छ ।

यसले गर्दा, विश्वसनीयताको वातावरण सिर्जना भएर आवश्यक समन्वयमा सहज हुन्छ । उदाहरणको लागि कोभिड-१९ लाई हेर्न सक्छौँ । जोन स्नोले नक्साको प्रयोग गरेर दूषित पानीलाई रोगको स्रोतका रुपमा पत्ता लगाएका थिए, जसले गर्दा सही ठाँउमा उपचार पुऱ्याउन मद्दत गऱ्यो । कोभिडको कुरा गर्ने हो भने, डिजिटल उपकरण हरुको प्रयोगले रोगहरुको पहिचान, तंथ्याक संकलन र जानकारी प्रसारण गर्न सहज भएको थियो । दुवै महामारीलाई गलत जानकारी र भ्रमले गर्दा रोकथाममा चुनौति भएको थियो । यी दुवै रोगले, व्यक्तिगत सरसफाईलाई अर्थपूर्ण उपायका रुपमा लिएको थियो ।

हैजाको प्रकोपको कारणले नै सरसफाइ र शुद्ध पिउने पानी, समुदायको संलग्नता, जनचेतना, खोप तथा रोगीको निगरानीले प्राथमिकता पाएको हो । हाम्रो स्वास्थ्य प्रणाली वैज्ञानिक तथा व्यवहारिक बन्नुमा हैजाको महत्वपूर्ण भूमिका छ । सयौँ वर्षपछि पनि, हैजाले हामीलाई रोगलाई रोकथाम गर्नुको महत्व र जनस्वास्थ्यलाई सुदृढ गर्न दिशा निर्देशन गरिरहेको छ । चाहे कोभिड होस् या कुनै नयाँ रोगहरु, हैजाबाट सिकेका पाठहरु अझै पनि उत्तिकै सान्दर्भिक छ ।

श्रोत : स्वास्थ्य खबरपत्रिका

टिकटकमा बालबालिका माथि वयस्कहरुकै दुर्व्यवहार

श्रोत:अनलाइनस्वबर

१४ वर्षीय रीता गुरुङ (नाम परिवर्तन) सामाजिक फेसबुकमा निकै सक्रिय थिइन् । सामाजिक सञ्जालमा नयाँ-नयाँ साथी बनाउने र उनीहरूसँग कुराकानी गर्ने उनको दैनिकी नै थियो । उनका अभिभावकलाई यसबारे कुनै जानकारी थिएन ।

एकदिन अज्ञात व्यक्तिहरूले उनको फोटोका विषयमा अपमानजनक टिप्पणी गर्नथाले । उनका पोस्टहरूमा गालीगलौज हुनथाल्यो, निजी सन्देशहरूमा अश्लील शब्दहरू लेखिन थाले । उनलाई धम्क्याउन थालियो । रीतालाई सुरुमा रमाइलो लाग्ने फेसबुकको यात्रा त्रासदीमा परिणत भयो । सामाजिक सञ्जालमा भएको यस्तो व्यवहारले डराएकी रीताले साथीको सहयोगमा साइबर अपराध शाखामा उजुरी गरिन् ।

तर, उनको आवाज कसैले सुनेन । उजुरी दर्ता भए पनि कारबाही भएन । उनी अझै पनि अनलाइन उत्पीडनको शिकार भइरहेकी थिइन् । रीता प्रतिनिधि मात्र हुन् । नेपालमा हरेक दिन कैयौँ बालबालिका अनलाइन उत्पीडनको शिकार भइरहेका छन् । उनीहरू–लाई धम्क्याइन्छ, गाली गरिन्छ, साइबर बुलिङ गरिन्छ, र उनीहरूकै फोटो तथा भिडियोहरू दुरुपयोग गरिन्छ । ***नेपालमा बालबालिकामाथि हुने दुर्व्यवहारका धेरै घटना सार्वजनिक भएका छन् ।*** यस्तो घटनाले बालबालिकाको मानसिक तथा भावनात्मक स्वास्थ्यमा पर्ने असर अनलाइन उत्पीडनले बालबालिकाको मनोवैज्ञानिक अवस्थामा गम्भीर असर पार्छ । उनीहरूमा आत्मग्लानि र डिप्रेसनको समस्या समेत निम्तने जोखिम बढ्छ ।

सामाजिक सञ्जालमा हुने विभिन्न किसिमको दुर्व्यवहार बालबालिकाले आत्मग्लानी महसुस गर्छन्, जसले उनीहरूलाई डिप्रेसनको समस्या निम्तने जोखिम समेत हुन्छ । सामाजिक सञ्जालमा निरन्तर गाली र धम्कीले उनीहरूको आत्मविश्वास कमजोर बनाउँछ । आत्मविश्वासमा कमी हुँदा बालबालिकाको पढाइदेखि अन्य कुरामा प्रभाव पर्न सक्छ ।

निरन्तर दुर्व्यवहारको सिकार भएका बालबालिकाले कतिपय अवस्थामा आत्महत्याको प्रयास समेत गर्न सक्छन् । बालबालिकालाई अनलाइन उत्पीडनबाट कसरी जोगाउने ? बालबालिकालाई सुरक्षित राख्नका लागि अभिभावक, सरकार, विद्यालय, र सामाजिक सञ्जाल कम्पनी–हरूको महत्वपूर्ण भूमिका रहन्छ ।

अभिभावकको भूमिका :

अभिभावले बालबालिकासँग खुला संबाद गरी उनीहरूले प्रयोग गर्ने एप्स र बेबसाइटबारे बुझ्नुपर्छ । सुरक्षित डिजिटल वातावरण बनाउने प्रयास गर्नुपर्छ । बालबालिकालाई अनलाइनमा अनजान व्यक्तिहरूसँग कुराकानी नगर्न, व्यक्तिगत जानकारी सेयर नगर्न, र सुरक्षित पासवर्ड प्रयोग गर्न सिकाउनुपर्छ । उनीहरूलाई साइबर सुरक्षाबारे सचेत गराउनु पर्छ ।

इन्टरनेट प्रयोगको लागि सीमित समय निर्धारण गर्दिनु पर्छ । मोबाइल वा कम्प्युटरको प्रयोगमा समय सीमा तोकिदिंदा उनीहरूले त्यो समय पढ्नु तथा अन्य उत्पादन मूलक काममा खर्च गर्न सक्छन् । बच्चाहरूले कुन प्लेटफर्म प्रयोग गरिरहेका छन् भन्ने बुझेर गोपनीयताको सेटिङ चेक गर्नुपर्छ । उनीहरूको सोसल मिडिया प्लेटफर्ममा निगरानी राखेर पनि उनीहरूलाई अनलाइन दुर्व्यवहारबाट बचाउन सकिन्छ ।

विद्यालय र शिक्षकहरूको भूमिका

साइबर सुरक्षाको बारेमा पाठ्यक्रम लागू गरिनु आवश्यक छ । विद्यालयमा विद्यार्थीहरूलाई डिजिटल इथिक्स (अनलाइन शिष्टाचार)को बारेमा सिकाइनुपर्छ । साथै अनलाइन उत्पीडनको सिकार भएका विद्यार्थीहरूलाई परामर्श दिनुपर्छ ।

सरकार र कानुनी सुधार :

साइबर अपराध सम्बन्धि कानुनलाई कडाइका साथ लागू गर्नुपर्छ । साइबर अपराध उजुरीका लागि सहज पहुँच उपलब्ध गराइनु–पर्छ । बालबालिकाका लागि सुरक्षित इन्टरनेट नीति विकास गर्नुपर्छ ।

सामाजिक सञ्जाल कम्पनीहरूको भूमिका :

अश्लील सामग्री र दुर्व्यवहार हटाउने नीतिलाई प्रभावकारी बनाउनुपर्छ । रिपोर्ट गरिएका आपत्तिजनक पोस्टहरूलाई तत्काल हटाउने व्यवस्था हुनुपर्छ । बालबालिकाको सुरक्षाका लागि गोपनीयता सेटिङलाई कडाइका साथ लागू गर्नुपर्छ ।

निष्कर्ष :

सामाजिक सञ्जाल अवसर का साथसाथै चुनौतीको स्रोत पनि बनेको छ । रीता जस्ता हजारौं बालबालिका अनलाइन उत्पीडनको शिकार भइरहेका छन् । उनीहरूको सुरक्षा सुनिश्चित गर्न अभिभावक, शिक्षक, सरकार, र सामाजिक सञ्जाल कम्पनीहरूले संयुक्त प्रयास गर्नुपर्छ । अनलाइन स्वतन्त्रता बालबालिकाको अधिकार हो, तर, उनीहरूको सुरक्षा जिम्मेवारी हो ।

आरती मण्डल रेडियो टू 'राजागञ्ज'

जनकपुर/जनकपुरधामकी आरती मण्डलले बर्षौंदेखि अरूका कथाहरू रेडियो तरङ्गमार्फत स्रोतासम्म पुऱ्याउँदै आएकी थिइन् । यतिबेला उनी आफैं एउटा प्रेरणा–दायी कथा बनेकी छन् । रेडियो पत्रकारिताबाट अभिनयमा प्रवेश गरेकी आरतीले नेपाली फिल्म 'राजागञ्ज' मार्फत ठुलो पर्दामा 'डेब्यु' गरेकी छन् ।

शुक्रबारदेखि प्रदर्शनमा आएको राजागञ्ज मधेसको यथार्थमा आधारित फिल्म हो, जसले दुई बालक अपहरणपछि उनीहरूको खोजीमा लागेको प्रहरीको संघर्षलाई देखाउँछ । मधेसको समाज, संस्कार र परिवेशलाई उजागर गर्ने यस फिल्ममा आरतीको अभिनयले दर्शकहरूको ध्यान तानेको छ ।

रेडियो स्टुडियोकै संसारमा रमाइरहेकी आरती अभिनय यात्रामा आउनु संयोगमात्रै भएको बताउँछिन् । 'जनकपुरमा फिल्म छायाङ्कन हुँदै थियो । मधेसी पात्रका लागि कलाकारको खोजी भइरहेको थियो । अडिसन दिने मौका पाएँ । अभिनय मेरो लागि नयाँ भए पनि निर्देशकको टिमले मलाई छनोट गऱ्यो' उनले भनिन् ।

यसअघि नाटक लेखन र डबिङमा संलग्न रहेकी उनले पहिलो पटक क्यामेराको अगाडि अभिनय गरेकी हुन् । 'अभिनयको पहिलो अनुभव निकै रोचक रहयो । अडिसन दिँदा पकरारको भूमिका पाउँछु कि भन्ने लागेको थियो तर मेरो अभिनय हेरेर फरक भूमिका दिइयो,' उनले भनिन् ।

'राजागञ्ज' नेपाली फिल्म उद्योगमा महिलाप्रधान कथासँगै सामाजिक यथार्थको ऐना बनेको छ । सामान्यतया नेपाली फिल्म उद्योग पुरुष केन्द्रित हुने गर्छ तर निर्देशक दीपक रौंनियारले सात जना महिला पात्रमार्फत फिल्मलाई अगाडि बढाएका छन् ।

यस फिल्ममा आरतीसँगै आशा मगराती, ऋचा शर्मा, गौमाया गुरुङ, निकिता चन्डक, पुष्पा यादव र पशुपति राईजस्ता कलाकारहरूको प्रमुख भूमिका छ । महिला प्रधान फिल्म व्यावसायिकरूपमा सफल हुँदैन् भन्ने धारणालाई चुनौती दिँदै 'राजागञ्ज'ले फरक प्रयोग गरेको छ । फिल्ममा दयाहाड राई, विजय बराल, घनश्याम मिश्र, परमेश्वर कुमार झा, नीरज श्रेष्ठजस्ता कलाकार सहायक भूमिकामा छन् ।

आरती पत्रकारितालाई निरन्तर अघि बढाउने सोचमा छिन्, तर, अभिनयलाई पनि अबसरका रूपमा लिइरहेकी छन् । 'राम्रो प्रस्ताव आए अभिनय गर्नेछु, तर, पत्रकारितालाई कहिल्यै छोड्ने छैन,' आरतीले भनिन् । आरती मण्डलको रेडियो पत्रकारिताबाट नेपाली फिल्म उद्योगसम्मको यात्रा धेरैका लागि प्रेरणादायी बन्न सक्छ । 'राजागञ्ज'ले न केवल मधेसको कथा सुनाउँछ, नेपाली फिल्म उद्योगमा महिलाहरूको सशक्त भूमिकालाई पनि नयाँ उचाइमा पुऱ्याउने सम्भावना राख्छ ।

चीनमा सुँगुरको मिर्गौला मान्छेमा सफलतापूर्वक प्रत्यारोपण

अमेरिकापछि चीनमा पनि मान्छेमा सुँगरको मिर्गौला प्रत्यारोपण गरिएको छ । चिनियाँ समाचार संस्था सिन्ह्वामा प्रकाशित खबरअनुसार चीनको शान्सी प्रान्तमा रहेको एयर फोर्स मेडिकल युनिभर्सिटीस्थित सिजिङ अस्पतालमा सुँगुरको मिर्गौला मान्छेमा प्रत्यारोपण गरिएको छ ।

त्यहाँको मेडिकल टिममले यसी मार्च ६ मा ६९ वर्षीय एक महिलामा अणुबाँधिक रुपमा तयार पारिएको सुँगुरको मिर्गौला प्रत्यारोपण गरेको हो । मिर्गौला प्रत्यारोपण भई यसमा रक्तप्रवाह हुनेबित्तिकै यसले पिसाब उत्पादन गरी काम गर्न सुरु गरेको भनिएको छ ।

प्रत्यारोपण भएको तेस्रो दिनदेखि नै मिर्गौलाले सामान्य अवस्थामा जस्तै काम गर्न थालिसकेको थियो । छैठौं दिनसम्म पनि मिर्गौलाको कार्य स्थिर र राम्रो रहेको बताइएको छ । छैठौं दिनमा मिर्गौलाले २४ घण्टामा ५ हजार ४६८ मिलिलिटर पिसाब उत्पादन गरेको थियो । सिरम क्रिएटिनिन लेभल र मिर्गौलाले गर्ने जैविक कार्यका सूचकहरु राम्रो रहेको छ ।

सिन्ह्वाले उल्लेख गरेअनुसार ती महिलाको मिर्गौला फेल भएको कुरा ८ वर्षअघि पत्ता लागेको थियो । उपयुक्त दाता फेला नपार्दा प्रत्यारोपण हुन सकेको थिएन । हप्ताका ३ पटक डायलासिस गर्दै आएकी थिइन् । पछिल्लो समय डायलासिसका कारण हुने जटिलताहरूले गर्दा उनको स्वास्थ्य बिग्रँदै गएको थियो ।

यो सफलता यो सफलता चिकित्सा क्षेत्रमा एक कोसेढुंगा साबित हुने चिकित्सकहरूको भनाइ छ । अंगदाताको अभावमा प्रत्यारोपण गर्न नपाएका कयौं बिरामीका लागि यो नयाँ आशा भएको प्रत्यारोपणको नेतृत्व गर्ने सिजिङ अस्पताल डाक्टर डु केफेङले बताएका छन् । चीनमा अहिले करिब १३ करोड मिर्गौला फेल भएको व्यक्ति रहेको सिन्ह्वाले जनाएको छ । हरेक वर्ष लाखौँको संख्यामा मिर्गौला बिरामीहरु बढिरहेका छन् ।

गत वर्ष पहिलो पटक अमेरिकामा सुँगुरको मिर्गौला मान्छेमा सफलतापूर्वक प्रत्यारोपण गरिएको थियो । म्यासाचुसेट्स राज्यस्थित म्यासाचुसेट्स जनरल अस्पतालका चिकित्सकले उक्त सफलता हात पारेका थिए । मिर्गौला प्रत्यारोपण गरिएका ६२ वर्षीय ती पुरुषको करिब २ महिनापछि मृत्यु भयो । यसै वर्षको जनवरीमा पनि म्यासाचुसेट्स जनरल अस्पतालमै सुंगरको मिर्गौला लिएर अर्को प्रत्यारोपण भएको थियो ।

गतवर्ष चिनियाँ वैज्ञानिकहरूले जेनेटिक रुपमा परिमार्जित सुंगरको मिर्गौला बाँदरमा प्रत्यारोपण गरी परीक्षण गरेका थिए । त्यसले ६ महिनासम्म राम्रो काम गरेको रिपोर्टले देखाएको थियो । यसपछि मान्छेमा पनि लामो समय काम गर्छ भन्ने निष्कर्ष निकालिएको थियो ।

हेटौंडामा ३९० घण्टा लामो ब्युटिपार्लर तालिम सुरू

सन्देश संवाददाता

हेटौंडा/हेटौंडामा महिला–हरूलाई आत्मनिर्भर बनाउँदै स्वरोजगारको मार्गमा अघि बढाउन ३९० घण्टाको आधारभूत ब्युटिपार्लर तालिम सुरू भएको छ । बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय अन्तर्गत प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम परिषद् -CTEVT_ र हेटौंडा उपमहा–नगरपालिकाको आर्थिक सहयोगमा सुरु भएको यस तालिमले स्थानीय महिलाहरूलाई सौन्दर्य व्यवसायमा नयाँ अवसर दिने लक्ष्य राखेको छ ।

सूर्यमणि प्राविधिक शिक्षालय प्रा.लि.को आयोजनामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका १९ वटै वडाबाट १३६ जना इच्छुक महिलामध्येबाट २० जना सहभागीहरू छनोट भएका छन् ।

हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीना कुमारी लामाले तालिमको उद्घाटन गर्दै प्राकृतिक सौन्दर्य सामग्रीहरूको प्रयोगद्वारा सौन्दर्य व्यवसायलाई अझ व्यावसायिक बनाउन यो तालिम प्रभावकारी हुने विश्वास व्यक्त गरिन् । "महिलाहरू आफ्नै ठाउँमा सीप सिकेर आत्मनिर्भर बनून् भन्ने हाम्रो चाहना हो," प्रमुख लामाले भनिन् । प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम परिषद् (ह्रत्म्ह्) का प्रमुख शान्ति लामाले पनि महिलाहरूलाई आफ्नै ठाउँमा सीप सिकेर स्वरोजगार बन्ने अवसरलाई गुम्न नदिन आग्रह गरिन् ।

तालिमका प्रशिक्षकहरू सुमित्रा मुडभरि र लक्ष्मी लामाले सौन्दर्य सेवा व्यवसायमा आवश्यक सीप र प्रविधिको प्रशिक्षण दिनेछन् । कार्यक्रम संयोजक मेनका श्रेष्ठले ६०/४० आर्थिक साझेदारीमा सञ्चालित यस तालिमले स्थानीय महिलाहरूलाई सीपमूलक उद्यमतर्फ उन्मुख गराउने बताइन् ।

सूर्यमणि प्राविधिक शिक्षालयका प्रमुख श्याम कुमार अग्रवालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा हेटौंडा उपमहानगरपालिका शाखा प्रमुख महेन्द्र चापागाईसहित स्थानीय प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । स्वरोजगार र आत्मनिर्भरता निर्माणको मार्गमा अग्रसर भएको यो तालिम स्थानीय महिलाहरूका लागि उज्यालो भविष्यको आधार शिला बन्ने अपेक्षा गरिएको छ ।

अब भन्सारमा जफत सामान ३ महिनाभन्दा बढी थन्काउन नपाइने

काठमाडौं/चोरी पैठारी वा निकासीबाट भन्सारमा आएका सवारीसाधन भन्सार अधिकृतले मूल्य कायम गरी लिलाम वा बिक्री गर्न पाउने व्यवस्था गरिएको छ । प्रतिनिधि सभाअन्तर्गत अर्थ समितिमा मंगलबार भएको भन्सार विधेयकमाथिको दफाबार छलफलमा सोसम्बन्धि दफालाई समितिले सर्वसहमतिले पारित गरेको हो ।

भन्सार विधेयकको दफा ११३ अनुसार कब्जामा लिएको सवारी–साधनको व्यवस्थापन सम्बन्धमा समितिले चोरी पैठारी वा निकासीबाट भन्सारमा आए भन्सार अधिकृतले मूल्य कायम गरी लिलाम वा बिक्री गर्न पाउने व्यवस्था गरिएको हो । भन्सार कार्यालयहरूमा चोरी निकासी वा पैठारीमा प्रयोग भई कार्यालयमा दाखिला हुन आएका सवारीसाधन स्थान अभाव वा संरक्षण गर्न नसकिने भएको भन्दै भन्सार अधिकृतले तोकिएबमोजिम समितिबाट मूल्य कायम गरी लिलाम वा बिक्री गर्न सक्नेछन् ।

भन्सार कार्यालयमा कानुन अभावका कारण यस्ता सवारीसाधन थुप्रिएका छन् । भन्सार विधेयक दुवै सदनबाट पास भएर प्रमाणीकरण भएसँगै त्यस्ता सवारी साधनमा देखिएको समस्या समाधान गर्न सहज हुने भएको छ । भन्सार विधेयकमा भन्सारले कायम गरेको मूल्यमा प्रचलित कानुनबमोजिम लाग्ने कर, अन्य शुल्क र दरस्तुर बाट लाग्ने रकम नगद धरौटी राखी सवारीसाधन छुटाएर लैजान निवेदन दिए भन्सार अधिकृतले फिर्ता गर्न सक्ने पनि सहमति भएको छ ।

त्यस्तै विधेयकले भन्सार अधिकृतले फिर्ता दिएको सवारी–साधनको मुद्दा किनारा हुँदा जफत हुने प्रमाणित भए भन्सार कार्यालयले सवारीधनीले राखेको धरौटी रकम सदरस्याहा गर्नुपर्ने छ । भन्सार सम्बन्धी कसुरमा म्याद थप्न वा बारेस राख्नसमेत नपाउने व्यवस्था कायम गरेको छ ।

विधेयकका महत्वपूर्ण व्यवस्थामा सहमति :

भन्सार छलीको अनुसन्धान गर्ने अधिकार भन्सार विभागका महानिर्देशकलाई, जफत भएका सामान तीन महिनाभन्दा बढी थन्काउन नपाइनेजस्ता महत्वपूर्ण विषयमा सहमति भएको छ ।

दिव्यसेवा निकेतनलाई सहयोग

सन्देश संवाददाता

हेटौंडा, हेटौंडा-१५ मा रहेको दिव्यसेवा निकेतन वृद्धाश्रमलाई नगद २५ हजार रुपैयाँ सहयोग गरिएको छ । मिस्टर नेपाल २०२४ का सेकेण्ड रनरअप मकवानपुरका आयुष बम्जनको नेतृत्वको टोलीले आयोजना गरेको 'म्युजिक फर कज' कार्यक्रम–बाट बचेको रकम मइलबार वृद्धाश्रम–लाई सहयोग हस्तान्तरण गरेको हो ।

कार्यक्रममा सहभागी म्युजिसियनको शुल्क र रकम थप गरी वृद्धाश्रमलाई सहयोग गर्ने प्रतिबद्धता अनुरुप नै हस्तान्तरण गरिएको बम्जनले बताए । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँ, हेटौंडा १५ नम्बर वडा अध्यक्ष सुनिल मोक्तान, नेक्स्ट मोडल नेपालका सिइओ रवि धमला, नासा नेपालका सचिव आशिष मान, मिस टिन हेटौंडा २०१० पुजा श्रेष्ठ, दिव्यसेवा निकेतनका केदार न्यौपाने, निकेतनका संस्थापक टीआर निरौला लगायतको उपस्थिती थियो ।

फागुन २४ गते हेटौंडाको पिप्ले-क्याम्पा रंगशालामा म्युजिक फर कज कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा एकसय बढी बाचबाधकले सामुहिक रुपमा आफ्नो सांगीतिक प्रश्तुती दिएका थिए । मिस्टर नेपाल २०२४ का सेकेण्ड रनरअप आयुष बम्जनको नेतृत्वमा कार्यक्रमको आयोजना भएको थियो ।

खोटाङमा डढेलो गाउँमा पस्यो

एक विद्यालयसहित ९ घर जलेर नष्ट

खोटाङ/यहाँको हलेसी तुवाचुङ नगरपालिका-२ डिकुबाका विभिन्न सामुदायिक बनमा लागेको डढेलो गाउँ पस्दा एक विद्यालय र ९ वटा घरगोठ जलेर नष्ट भएको छ । डढेलो गाउँ पस्दा स्थानीय बालकन्या आधारभूत विद्यालयको दुई कोठे भवनका साथै छुम्पाडस्थित डाँडा–बारीका अदम राई, पाँचमैयाटारका नगेन्द्र राई र सम्बरबहादुर राई, बाघ–खोरका रणबहादुर राई, सिद्धथानका पविन्द्रकुमार राई र हिराधन राई, लाइमाका कृष्णबहादुर राई, चयन–कुमार राई र टंकबहादुर राईको घर तथा गोठ जलेर नष्ट भएको हो ।

आइतबार रातीदेखि डिकुबाको नामेल्ला क्षेत्रको सामुदायिक बनमा डढेलो सुरु भएको थियो । 'गाउँ पसेको डढेलो अहिले निभाइएको छ । छुम्पाड क्षेत्रमा लागेको आगो एरराति निभाउन सफल भयौं', उनले भने, 'नेपाली सेना, सशस्त्र, जनपथ, नगर प्रहरी, स्थानीयलगायतले डढेलो निभाएका हुन्, भर्जेडाँडा क्षेत्रको सामुदायिक बनमा अहिले पनि डढेलो लागिरहेको छ, त्यसलाई निभाउने प्रयास गरिरहेका छौं ।'

डढेलो निभाइएपछि सदर मुकामबाट खटिएका नेपाली सेना, सशस्त्र तथा जनपथ प्रहरीको टोली फर्काइएको जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी नरहरि घिमिरेले जानकारी दिए । 'जिल्ला विपद् व्यवस्थापन कोषबाट तत्काल प्रति घरपरिवार नगद रु १५ हजार, त्रिपाल र कम्बल एक-एक थान उपलब्ध गराएका छौं, उनीहरुलाई थप राहत र पुनःस्थापनाका लागि पहल भइरहेको छ', उनले भने । आगलागी तथा डढेलोले कृष्णबहादुर राईको गाईको माउबाछा, सम्बर बहादुर राईको दुई माउ बाछा र च्यानटारका छोटे राईको दश माउ बाछा जलेर मरेको जनाइएको छ । स्थानीय लाइमा पाखामा चरनका लागि छाडिएका छोटे राईको दश माउमध्ये सातवटा जलेर मरेको अवस्थामा भेटिएको र तीनवटा नभेटिएको बडाध्यक्ष राईले जानकारी दिए ।

महिला पत्रकारबीच प्रदेशस्तरीय समाचार लेखन प्रतियोगिता

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकार समाजिक विकास मन्त्रालयले महिला पत्रकारबीच बागमती प्रदेशस्तरीय समाचार लेखन प्रतियोगिता आयोजना गरेको छ । खोज मूलक पत्रकारिताका लागि महिला पत्रकारहरुलाई बिद्वतवृत्ति गर्ने कार्यक्रम अन्तर्गत मंगलबार प्रतियोगिता आयोजना गरिएको हो ।

प्रतियोगितामा उत्कृष्ट २० प्रतियोगीमध्ये १३ जिल्लाका १७ जनाको सहभागीता रहेको थियो । यसअघि खोज मूलक पत्रकारिताका लागि महिला पत्रकारहरुलाई बिद्वतवृत्ति कार्यक्रम अन्तर्गत २९ जनाले लेख तथा समाचार पठाएको थियो । जसमा उत्कृष्ट २० जनालाई छनौट गरेर प्रतियोगितामा सहभागी गराएको हो । मन्त्रालयले केही दिनमा प्रथम, द्वितिय, तृतीय र सान्त्वना हुनेहरूको नाम सार्वजनिक गरेर प्रदेश सरकारको विशेष समारोहमा क्रमशः २० हजार, १५ हजार, १० हजार र ५ हजार रुपैयाँसहित पुरस्कृत गरिने जनाएको छ ।

कार्यक्रममा सामाजिक विकास मन्त्रालय बागमती प्रदेश सरकार सचिव बद्रीनाथ गैह्रे, प्रवक्ता अमृत अधिकारी, लैङ्गिक सम्पर्क व्यक्ति चन्द्र कुमारी ब्य्ञ्जनकार, सञ्चारिका समूह नेपाल बागमती प्रदेशका निवर्तमान अध्यक्ष सरिता दाहाल, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारु मगर लगायतको उपस्थिति रहेको थियो । नेपाल पत्रकार महासंघ बागमती प्रदेश र सञ्चारिका समूह नेपाल बागमती प्रदेशको सम्नवयमा प्रतियोगिता भएको थियो ।



ड्राइभिङ्ग सिक्ने हैन त ?

हामी सिकाउँछौं तपाईलाई साइकलदेखि जेसीबीसम्म

हामी आएका छौं काठमाडौंदेखि हेटौंडासम्म तपाईहरुलाई कुनै पनि सवारी साधनको लाइसेन्स लिन सक्ने दक्ष बनाएर ग्यारेण्टी सहित सिकाएर हामी सवारी साधन र यस सम्बन्धि सम्पूर्ण पार्टपुर्जाको जानकारी सहित आफ्नै ट्रायलसेन्टरमा छिटो, छरितो र सस्तोमा तालिम दिंदै रोडटेष्ट गरिन्छ ।

यहाँ अनलाइन फर्म पनि भरिन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-४, सितलमहल ओम्पाक्स हल अगाडी

सम्पर्क: ९८१७२८४६१४, ९८४५१७९४१५, ९८४५६२३५६९

स्वदेशी वस्तु अनिवार्य प्रयोग गर्न प्रदेशलाई पत्र

सन्देश संवाददाता

काठमाडौं/सरकारले स्वदेशमा उत्पादन भएको वस्तुहरु अनिवार्यरुपमा उपभोग गर्न स्थानीय निकाय र बागमती प्रदेश सरकारलाई पत्राचार गरेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्वदेशमा उत्पादन भएका ४६ प्रकारका विभिन्न वस्तु अनिवार्यरुपमा प्रयोग गर्न संघीय मामिला मन्त्रालयमार्फत् सबै स्थानीय तहलाई पत्राचार गरेको हो । मन्त्रालयका प्रवक्ता जीतेन्द्र बस्नेतले केही साताअघि स्थानीय तहलाई पत्राचार गरिएको जानकारी दिए । प्रदेश सरकारलाई प्रधानमन्त्री कार्यालयमार्फत् पत्राचार गरिएको उनले जानकारी दिए । संघीय मन्त्रालयहरुलाई भने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमै कार्यक्रम आयोजना गरी सबै मन्त्रालयका उच्च अधिकारीलाई स्वदेशमा उत्पादन भएका वस्तुहरु प्रयोगमा ल्याउन आग्रह गरिएको थियो ।

उनका अनुसार सरकारले कार्यान्वयनमा ल्याएको सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग–सम्बन्धि निर्देशिका, २०८१ अनुसार स्थानीय तह र प्रदेश सरकार अन्तर्गत् सार्वजनिक निकायलाई ४६ समूहको स्वदेशी वस्तु प्रयोगका लागि पत्राचार गरिएको थियो । 'निर्देशिका ल्याएर मात्र भएन, त्यसलाई कार्यान्वयन पक्षमा पनि लैजानु पर्‍यो,' बस्नेतले भने–कार्यान्वयन पक्षमा जाने क्रममा विभिन्न तहलाई पत्राचार गरिएको हो ।

उनका अनुसार यसअघि पुस अन्तिम सातातिर संघीय मन्त्रालयहरु, प्रदेश सरकार र स्थानीय निकायहरुलाई स्वदेश वस्तु प्रयोगका लागि पत्राचार गरिएको थियो । हाल दोस्रो पटक पत्राचार गरिएको हो । 'स्वदेशी वस्तुको मूल्य बजार मूल्यभन्दा १५ प्रतिशत्भन्दा बढी नबढ्ने गरी खरिद गर्नुपर्ने व्यवस्था गरिएको छ । यसले गर्दा सबै सार्वजनिक निकायलाई खरिद गर्नुपर्ने बाध्यता पनि छ,' उनले भने ।

स्वदेशी कच्चापदार्थ प्रयोग गरी स्वदेशमा उत्पादित वस्तु वा विदेशी कच्चापदार्थ प्रयोग गरी स्वदेशमा उत्पादन, निर्माण वा जडान भएको र कम्तिमा ३० प्रतिशत्सम्म मूल्य अभिवृद्धि भएको वस्तुलाई स्वदेशी वस्तुका रुपमा उक्त निर्देशिकाले पारिभाषित गरेको छ । सार्वजनिक निकायअन्तर्गत् अदालत, संघीय सरकार, प्रदेश सरकार र

स्थानीय तह आउँछन् ।

बस्नेतका अनुसार निर्देशिका–लाई सफलपूर्वक कार्यान्वयनमा ल्याउन र त्यसअनुसार तीन वटै सार्वजनिक निकायले खरिद र प्रयोग गरे/नगरेको विषयमा अनुगमन गर्न मन्त्रालयले तीन तहमा समिति गठन गर्ने व्यवस्था पनि गरिएको छ । जसअनुसार संघीय तहमा मन्त्रालयको उद्योगतर्फका सचिवको संयोजकत्वमा निर्देशिक समिति, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परि संघ, नेपाल घरेलु तथा साना उद्योग महासंघको प्रदेशस्तरीय समितिको प्रतिनिधित्व हुने गरी प्रदेश समिति र स्थानीय तहस्थित निजी क्षेत्रका छाता संगठनको प्रतिनिधित्व हुने गरी स्थानीय तह समिति गठन गर्ने व्यवस्था पनि गरेको छ । मन्त्रालयले निर्देशिका–अनुसार निर्देशक समितिको सिफारि समा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वदेशी वस्तु आवश्यकताका आधारमा थपघट र हेरफेर गर्नसक्ने व्यवस्था गरेको छ ।

पुरस्कृत गरिने

सरकारले निर्देशिकामार्फत् वार्षिक खरिद अनुपात र परिमाणका आधारमा स्वदेशी वस्तुको अधिकतम् प्रयोग गर्ने तीन वटै सरकारी सार्वजनिक निकायलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले प्रत्येक वर्ष पुरस्कार र प्रमाणपत्र प्रदान गरी पुरस्कृत गर्ने व्यवस्था गरेको छ । प्रचलित कानूनअनुसार आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्दा सार्वजनिक निकायले निर्देशिकाअनुसार स्वदेशी वस्तु खरिद गरे वा नगरेको समेत हेरी त्यस्तो निकायले उक्त आर्थिक वर्षमा गरेको कुल खरिदको तुलनामा स्वदेशी वस्तुको खरिदको अनुपात लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ ।

कस्ता प्रकार स्वदेशी वस्तु ?

सरकारले निर्देशिकामार्फत् सार्वजनिक निकायले ८ समूहअन्तर्गत् ४४ उपसमूहको स्वदेशी वस्तु खरिद गरी प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ । जसअनुसार स्टेसनरी, कार्यालय सामान, छपाइतर्फ नेपाली हातेकागज तथा कागजबाट निर्मित वस्तु वा सामग्री, ब्राउनपेपर, पेन्सिल, डट्पेन, नेपाली खाम, नोटबुक, रजिष्टर, टिस्युपेपर, डायरी, कापी, चक, बोर्डमार्कर, फाइल, फाइल बाँध्ने कपडा, तुनालगायत वस्तु वा सामग्री, विभिन्न गोष्ठी, सेमिनार, कार्यक्रममा आवश्यक पर्ने वस्तु ब्याग, दोसल्ला, सलजस्ता सामग्री र रेनकोट खरिद गरी प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको छ ।

तयारी पोशाक, वस्तु, कोसेली तथा उपहारतर्फ अल्ली, केतकी, बाँस, केराको रेसालगायत अन्य प्राकृतिक रेसा आदिजस्ता स्थानीय कच्चा पदार्थबाट निर्मित कपडा, ऊनबाट निर्मित विभिन्न प्रकारका वस्तु वा सामग्री, ढाका तथा ढाकाजन्य सामान, पस्मिनाका उत्पादन, जुटबाट निर्मित सामान, सार्वजनिक निकायका कर्मचारी तथा पदाधिकारीलाई तोकिएको पोशाक तथा टोपी, जुत्ता, पेटी, सभा वा सम्मेलनमा प्रयोग हुने झोला, ब्याच, हस्तकला, काष्ठकला, मूर्तिकला, चित्रकला तथा प्रस्तरका वस्तु, गुडिया, खेलौना, पुतली, छालाबाट तयार गरिएका वस्तु वा सामान खरिद गरी प्रयोग गर्नुपर्नेछ ।

लायन्सको सेकेण्ड भिडिजिमा अधिकारीको दावी

सन्देश संवाददाता

हेटौंडा/ लायन्स क्लब इन्टनेशनल ३२५ एसअन्तर्गत पर्ने हेटौंडा क्षेत्र (एरिया २) बाट आगामी लायनेष्टि वर्ष २०२५–२०२६ का लागि सेकेण्ड भाईस डिष्ट्रिक गभर्नर पदमा उमेदवारी घोषणा गर्ने क्रम सुरु भएको छ ।

मंगलबार लायन्स क्लब अफ हेटौंडाका पुर्वअध्यक्ष सुदर्शनप्रसाद अधिकारीलाई सेकेण्ड भिडिजि पदको उमेदवार बनाउन लायन्स क्लब अफ हेटौंडाले सर्वसम्मतरुपमा उमेदवारी दर्ता गर्ने भएको हो ।

नेपालकै चौथो क्लबको रुपमा दर्ता रहेर सामाजिक काम गर्दै आएको क्लबले लामो समयपछि उक्त पदमा उमेदवारी दिन लागेको क्लबका अध्यक्ष तुल्सी रिजालले जानकारी गराए ।

आगामी बैशाख ६ गते हुने लायन्सको चौथो क्याबिनेट बैठक तथा निर्वाचन कार्यक्रममा अधिका–रीलाई क्लबले उमेदवारको रुपमा अघि सारेको हो । लामोसमयदेखि लायन्समा आबद्ध रहेर विभिन्न सामाजिक क्रियाकलापमा संलग्न अधिकारीले आगामी दिनमा २३५ एस डिष्ट्रिक हांक्ने मनसायका साथ आफू उमेदवार बन्न लागेको अधिकारीले बताए ।

म डिष्ट्रिकभरका सबै क्लबहरु तथा क्लबका अध्यक्षहरुलाई समान व्यवहारका साथ काम गर्दै सबै पक्षको सहभागितामा आगामी दिनमा काम गर्नेछु अधिकारीले प्रतिबद्धता जनाए । नेपालको लायनिज र सामाजिक क्षेत्रमा एउटा छुट्टै योजनाकासाथ आगामी दिनमा काम गर्न सशक्त समूह बनाएर सबैको मन जिन्ने काममा लाग्नेछु उनले भने ।

पिएमजेएफसमेत रहेका अधिकारीको व्यक्तिगत सहयोगमा क्लबको हेटौंडा–९ कर्मिमा रहेको जग्गामा लायन्स ऋतम्भरा प्राकृतिक चिकित्सालय भवन निर्माणाधिन अवस्थामा रहेको अध्यक्ष रिजालले जानकारी गराए ।

सडकछेऊका जग्गामा २५ प्रतिशत् "विकास कर"

सन्देश संवाददाता

हेटौंडा/सरकारले सडकछेऊका जग्गामा २५ प्रतिशत्सम्म 'विकास कर' लगाउने भएको छ । हाल बढीमा २० प्रतिशत्सम्म रहेको कर नयाँ विधेयकमा २५ प्रतिशत् पुऱ्याउने प्रस्ताव गरिएको हो ।

सार्वजनिक सडक ऐन, २०३१ अनुसार सडक किनाराबाट दुवैतर्फ २ सय ५० मिटरसम्मको जग्गामा विकास कर लाग्ने व्यवस्था छ । जसमा १ सय २५ मिटरसम्मको जग्गामा २० प्रतिशत् र १ सय २५ देखि २ सय ५० मिटर टाढासम्मको जग्गामा १० प्रतिशत् कर लाग्ने व्यवस्था छ ।

नयाँ विधेयकमा कति मिटर सम्मको जग्गामा विकास कर लगाउने स्पष्ट नभए पनि मुआब्जा दिएको मूल्यलाई आधार बनाएर विकास कर उठाउने व्यवस्था गरिएको छ । विकास कर लाग्ने जग्गा र त्यसको खण्ड विभाजन सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोक्न सक्नेछ । जग्गाप्राप्त गर्दा जुन क्षेत्र वा इलाकामा त्यस्तो जग्गाको जेजति मूल्यांकन कायम भइ मुआब्जा दिइएको हो, त्यसमा बढीमा २५ प्रतिशत्सम्म विकास कर निर्धारण गर्नसक्ने उल्लेख छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत् पूर्वाधार निर्माण तथा यातायात महाशाखा प्रमुख ई. कृष्णराज पन्तले सरकारले मुआब्जा वितरण गरेका ठाउँमा विकास कर उठाउने प्रस्ताव गरिएको जानकारी दिए । 'हालको ऐनमा पनि अधिकतम् २० प्रतिशत्सम्म विकास करबापत् राजस्व उठाउनसक्ने व्यवस्था छ,' सहसचिव पन्तले भने–तर, सरकारले अधिकांश सडक निर्माण गर्दा मुआब्जा नदिएकाले विकास कर उठाएन । ऐनको कार्यान्वयन हुनसकेको छैन ।

विश्वव्यापी मान्यतासँगै नेपालको संविधानले प्रत्येक व्यक्तिको सम्पत्तिको सुरक्षा सुनिश्चित गरेको छ । नेपालमा आफ्नो गाउँठाउँ हुँदै सडक पुग्दा क्षतिपूर्तिको माग गर्दैन्न । विश्व बैंक, एसियाली विकास बैंक (एडीबी) लगायतले सडक विस्तार गर्दा भने मुआब्जा वितरण गर्दै आएका छन् । हाल काठमाडौं–तराई द्रुतमार्ग निर्माणमा समेत मुआब्जा वितरण भइरहेको छ । ललितपुरको खोकनाको केही जग्गामा मुआब्जा वितरण गरिसकेको छ भने केही जग्गामा विवादका कारण वितरण हुनसकेको छैन । 'सरकारले मुआब्जा दिएको सडकमा मात्र विकास कर वितरण हुन्छ,' उनले थपे–सरकारले मुआब्जा दिन नसकेको अवस्थामा विकास कर उठाउनै मिलेन । उनले भविष्यमा बन्ने सडकलाई लक्षित गरेर कानुन प्रस्ताव गरिएको बताए ।

'कति मिटरसम्मको जग्गामा विकास कर उठाउने भन्ने विषय ऐनमा व्यवस्था हुँदा कुनै समयमा परिवर्तन गर्न खोज्दा अप्ठ्यारो हुन्छ,' पन्तले भने–सार्वजनिक सडक नियमावलीमा सडकबाट कति मिटर सम्मको जग्गामा कर लाग्ने स्पष्ट बनाउँछौं ।

प्रस्तावित सार्वजनिक सडक ऐन, २०८१ मा संघ, प्रदेश र स्थानीय तहमा सडकलाई बाँडिएको छ । सार्वजनिक सडक ऐन, २०३१ मा राजमार्ग, सहायक मार्ग, जिल्ला मार्ग र सहरी मार्गका रुपमा सडक वर्गीकरण गरिएको थियो । प्रस्तावित विधेयकमा नयाँ निर्माण गरी सञ्चालनमा आउने संघीय, प्रादेशिक वा स्थानीय सडकसञ्जालअन्तर्गत् सडकको दायाँबायाँको जग्गामा सम्बन्धित सरकारले कर लगाउन सक्ने व्यवस्था गरेको छ ।

'संघीयताअनुसार सडकको वर्गीकरण गरिएको हो । प्रदेश र स्थानीय तहले पनि नयाँ सडक निर्माण गर्दा मुआब्जा दिँदा २५ प्रतिशत्सम्म विकास कर उठाउन सक्ने प्रस्ताव गरेका हौं,' सहसचिव पन्तले भने । विधेयकले संघीय सरकारअन्तर्गत् द्रुतमार्ग (एक्सप्रेस वे), राष्ट्रिय राजमार्ग र नेपाल सरकारले तोकेको सामरिक महत्वका अन्य सडक संघीय सरकारमातहत हुनेछन् । यसमा हाल ८० राजमार्गलाई सूचीकृत गरिएको छ ।

प्रदेशअन्तर्गत् प्रादेशिक राजमार्ग, प्रादेशिक सडक हुनेछन् भने सहरी सडक र ग्रामीण सडक स्थानीय सडक सञ्जाल हुनेछन् । प्रादेशिक सडक सञ्जालको निर्धारण, निर्माण, मर्मतसम्भार, स्तरोन्नति, सञ्चालन, व्यवस्थापन तथा संरक्षणको दायित्व प्रदेश सरकारले निर्णय गरेबमोजिम हुनेछ । स्थानीय तहअन्तर्गत् सहरी सडक, ग्रामीण सडकलगायत संघीय तथा प्रादेशिक सडक सञ्जालबाहेक सडक सञ्जालका रुपमा हुनेछ । यसको निर्माण र व्यवस्थापन स्थानीय तहको हुनेछ । दूतमार्गको सडकसीमा सडकको केन्द्र रेखादेखि दायाँबायाँ दुवैतर्फ ५०/५० मिटरसम्म तथा तल र माथि दुवैतर्फ ५०/५० मिटरसम्म हुनेछ । राष्ट्रिय राजमार्ग, प्रदेश राजमार्ग, स्थानीय तहको सडकसीमा सडकको केन्द्र रेखादेखि दायाँबायाँ २५/२५ मिटरसम्म हुनेछ ।

जिउँदो गाई बगाउनेलाई कारबाही माग

बाजुरा/मरेको मान्छेलाई बैतरणी नदी तानें नाममा जिउँदै गाईलाई नदीमा बगाउनेलाई कानुनी कारबाही माग गरिएको छ । विश्व हिन्दु महासंघ जिल्ला कार्यसमिति बाजुराले सोमबार विज्ञप्ति जारी गर्दै प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्यालाई बुझाएको मागपत्रमा कार बाही माग गरिएको हो ।

विश्व हिन्दु महासंघ केन्द्रीय सदस्य तुला पाध्या र जिल्ला अध्यक्ष महारुद्र जोशीद्वारा हस्ताक्षरित विज्ञप्ति जारी भएको हो । चैत २ गते सामाजिकसञ्जालमा नेपालको राष्ट्रिय जनावर र हिन्दुधर्मका प्रतीक गाईलाई पापमोचनका नाममा निर्दयी तरिकाले जगन्नाथ गाउँपालिका वडा–६, काप्रीस्थित कर्णाली नदीमा जबर्जस्ती बगाएर गौहत्या भएको कार्यप्रति विश्व हिन्दु महासंघ बाजुरा कार्यसमितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

गाई राष्ट्रिय जनावरमात्र नभएर हिन्दु धर्म/सँस्कृतिअनुसार तिहारमा पूजा गरिने भएकोले धर्मसम्बन्धि हकको रक्षाका लागि गाई एक प्रतीकका रुपमा रहने गर्दछ । 'पापमोचन गर्ने नाममा यसरी आपर ाधिक क्रियाकलापबाट भिडियोसहित सामाजिकसञ्जालमा अपलोड गरेर विश्वसमुदायलाई त्रसित बनाउने तरिकाले गाईहत्या भएकाले उक्त अपराधमा संलग्नहरुको यथाशीघ्र खोजी र अनुसन्धान गरी प्रचलित कानूबमोजिम कडाभन्दा कडा कारबाही गरिदिन माग गर्दछौं,' प्रजिअ पाध्यालाई बुझाइएको पत्रमा उल्लेख छ ।

गाईलाई जिउँदै नदीमा बगाएपछि मरेका मान्छेको पापकट्टी हुन्छ भन्ने रुढीवादी पाखण्डीपनका कारण जिउँदो गाई कर्णाली नदीमा बगाएको स्थानीयको भनाइ छ । चैत २ गते दिउँसो 'गौदान गरेको दृष्य' भनेर सामाजिकसञ्जालमा एक भिडियो पोष्ट गरिएको थियो । कर्णाली नदीकिनारमा समूह मान्छे जम्मा भइ गाईलाई ढुंगामुढा बसांइ जबर्जस्ती नदीमा बगाएको पीडादायी दृष्य देखाइएको थियो । उनीहरुले कालो रडको गाईलाई कुटीकुटी नदीमा लखेटेको दृष्यले त्रसित बनाएको थियो । तर, ती व्यक्तिहरुले गाईलाई ढुंगा, डोरी र लौरोले यति धेरै पिट्ठन् कि त्यसको पीडा सहन नसकी गाई नदीमा पुग्छ ।

गाई फेरि किनारमा फर्कन्छ । यद्यपि, उनीहरुले गाईलाई यत्तिकै छाड्दैनन् । फेरि अर्को ठाउँमा लगेर बलजफ्ती नदीतर्फ लखेट्छन् । गाई पानीमा जान डराउँछ । तब पछाडि बसेका व्यक्तिहरुले ढुंगा हान्दै लखेट्छन् । नदीमा डुब्दै गरेको गाई पटकपटक किनारतर्फ फर्कन खोज्छ । तर, युवाहरुले निरन्तर ढुंगा बसांइर हन्छन् । अत्याशलादो दृष्य कर्णाली नदीमा खिचेर स्थानीय पत्रकार डम्बर बहादुर बीसीले शनिबार राति सामाजिकसञ्जालमा पोष्ट गरेका थिए ।

प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्याका अनुसार उक्त कार्यमा संलग्नको खोजी भइरहेको छ । आवश्यक छानबिन गरी कानुनअनुसार उनीहरुलाई कारबाही हुन्छ । 'यस किसिमको कृत्य रोक्ने प्रयास गरिरहेका छौं,' प्रजिअ पाध्याले भने–यस्ता कृप्रया रोक्न हामी निरन्तर प्रयासमा छौं ।

भरतपुरले यसपालि गर्मी थेग्ने

सन्देश संवाददाता

भरतपुर/चितवन अधिक गर्मी हुने जिल्लामध्ये पर्छ । गत वर्ष उखरमाउलो गर्मीको बेला पटकपटक विद्युत् अवरुद्ध भएपछि सेवाग्राहीहरु हैरान भएका थिए । भरतपुरमा यसवर्ष पाँच मेगावाट् विद्युत् बढी खपत हुने अनुमान गरिएको छ । गत वर्ष जिल्लामा गर्मीको पिकसमयमा १ सय मेगावाट् विद्युत् खपत भएको थियो ।

नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रअन्तर्गत् ५५ मेगावाट् विद्युत् खपत भएको थियो । यस वर्ष पिकसमयमा ६० मेगावाट् विद्युत् खपत हुने भरतपुर वितरण केन्द्रको अनुमान छ । एकको फागुन अन्तिम सातातिर ३० मेगावाट् विद्युत् खपत भएको थियो ।

स्थानीय संरचना अभावमा यस वर्ष विद्युत् अवरुद्ध नहुने नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रका प्रमुख इञ्जिनियर रामु श्रेष्ठले जानकारी दिए । 'पटकपटक सिस्टम जाने समस्या राष्ट्रिय प्रसा–रणलाइनका कारण आउने समस्या हो । स्थानीय संरचना अभावका कार ण यस वर्ष विद्युत् अवरुद्ध हुँदैन । गर्मीकै लागि भनेर हामीले ठूलो संख्यामा ट्रान्सफर्मर जोड्दै छौं,' उनले भने । अँपटारीस्थित न्यु भर–तपुर सबस्टेसनमा ४५ एमभीएको ट्रान्सफर्मर जडान गर्ने तयारी हुँदै छ । यसपछि ४० मेगावाट् बिजुली थपिने उनले बताए ।

बसेनीस्थित सबस्टेसनमा पनि २२ एमभीए ट्रान्सफर्मर जडान हुँदै छ । जडान भएपछि १८ मेगावाट् बिजुली थपिने छ । 'यस वर्ष ५० वटा ट्रान्सफर्मर थप्ने योजना छ । यसका लागि साढे सातकरोड चाहिन्छ । हामीसँग साढे चार करोडजति बजेट छ । थप बजेट माग गरिरहेका छौं,' उनले भने ।

राष्ट्रिय प्रसारणलाइनअन्तर्गत् तनहुँको मार्किचोकदेखि भरतपुरको अँपटारीसम्मको लाइन पुरा भएको छैन । हेटौंडा–भरतपुर–बर्दघाट प्रसा–रण लाइन भने तयार छ । ढल्केवर –हेटौंडा प्रसारणलाइनको काम पनि अधुरै छ । राष्ट्रिय प्रसारणलाइनको काम नसकिएकोले सिस्टम जाने समस्या भने कायमै हुने उनी बताउँछन् ।

बसेनी सबस्टेसनबाट १० वटा, अँपटारी सबस्टेसनबाट पाँच वटा र देवनगर सबस्टेसनबाट तीन वटा फिडर निकालिएको छ । धाविडको एउटा फिडर चितवनका इच्छाकामना–१, हात्तीवाड र काउले तथा तनहुँको आँबुखैरहनीको एउटा फिडरबाट मुस्लिनमा विद्युत् वितरण भइरहेको छ । जडान गरिएको फिडर सञ्चालनमा आउन बाँकी छ ।

आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा



आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । **स्थान:** रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०१८५०८, ९८४५०३५३४७

!! रोजगारीको सूवर्ण अवसर !!

यस फर्मको लागि केही बजार प्रतिनिधिहरुको आवश्यकता भएकोले ईच्छुक योग्य युवाहरबाट दरखास्त आब्द्वान गरिन्छ ।
तह/पद : बजार प्रतिनिधि (Sales Man), **संख्या** : ६ जना
उमेर : १८ वर्ष पुरा भएको, **शैक्षिक योग्यता**: साधारण
आवश्यक कागजात : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र
निवेदन दस्तुर : रु ५,००, **सोत सुविधा** : रु.१५,००० देखि १,००,००० सम्म
दरखास्त अन्तिम मिति : २०८१ चैत ०८ गते शुक्रबार
छनौट अन्तरवार्ता : २०८१ चैत १२ गते मंगलबार
समय : बिहान ११:३० बजे देखि २:३० बजेसम्म
सम्पर्क : **पुनम सप्लायर्स**
मो: ९८५५०७३४९८, ९८०४२०४१६६
हेटौंडा-१, राप्तीरोड, मकवानपुर

आकर्षक घडेरी बिक्रीमा

मकवानपुर बहुमुखी क्याम्पस नजिक, हेटौंडा–२, जिल्ला प्रशासन कार्यालयबाट पुर्वतर्फ एक मिनेटको दुरीमा रहेको वनस्खण्डी टोलमा घडेरी बिक्रीमा इच्छुकले सम्पर्क गर्न सक्नु हुनेछ ।
(**नोट**: आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग उपयुक्त लागेमा साटुनसमेत सकिनेछ ।)
सम्पर्क नम्बर: ९८४५१२३३६६

चालु अवस्थाको कपडा पसल बिक्रीमा

हेटौंडा–४ कान्तिराजपथमा रहेको अति चालु अवस्थाको कपडा पसल बिशेष कारणले बिक्रीमा रहेकोले ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क राख्नुहोला ।
सम्पर्क नम्बर : ९८२४३९३७८६, ९८२९१९४७८६

सुबिधायुक्त घर भाडामा

हेटौंडा–४ पुष्पलालपार्क नजिकै रहेको पर्याप्त पार्किङ सुबिधासहितको सुबिधायुक्त गार्ड रुम सहितको २ फ्ल्याटको आकर्षक घर भाडामा उपलब्ध छ ।
ईच्छुकले सम्पर्क राख्नुहोला ।
सम्पर्क: ९८४८६६४५६२

शुभम यातायात प्रा. लि. द्वारा नयाँ EV को प्रस्तुति

ELECTRIC UAN (AC EV) वातावरणमैत्री विद्युतीय यात्रुवाहक सेवा

२०८१ साल आषाढदेखि हेटौंडा उपमहानगरमा स्थापना भएर यात्रु महानुभावहरूलाई सजिलो, भरपर्दो र AC युक्त आरामदायी EV सेवा प्रदान गर्दै निरन्तर वातावरणमैत्री विद्युतीय सवारी साधन Electric van (AC EV)मा यात्रुहरूको सुभ्रावसहित गुणस्तरीय सेवा पुऱ्याउने सहर्ष जानकारी गराउँदछौं ।

हेटौंडादेखि काठमाण्डौसम्म ••••• काठमाडौंदेखि हेटौंडासम्म

सदैव सजिलो, आरामदायी शुभयात्राको लागि सम्झनुहोस ।

यस कम्पनीद्वारा सञ्चालित EV माइक्रो, स्कार्पियो तथा जीप रिजर्वको लागि सम्पर्क गर्नुहोस् ।

सञ्चालक : शुकराम रुम्बा
शुभम यातायात प्रा.लि.
हेटौंडा–४, कान्तिराजपथ, कुमारी बैंक भित्र,
सम्पर्क नं. : ९८५५०३५४२४, ९८०३८५५५९८, ९८४५०७७२२६

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-१ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने